महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९

उर्लाबारी नगरपालिका

मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

उर्लाबारी नगरपालिका

मोरङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

उर्लाबारी नगरपालिका

मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. १२४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मोरङ ।

कैफियतसहितको राय

हामीले उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ६ करोड ५७ लाख ७९ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ११ लाख १५ हजार बेरुजु फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २३ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ६८ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु २ करोड ४९ लाख ९५ हजार र पेश्की रू. ४ लाख ७७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १९ करोड ७४ लाख ५१ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु २६ करोड २१ लाख १५ हजार रहेको छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

उर्लाबारी नगरपालिका, मोरङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६३	६१	६५७७९	१	३	१११५	६२	५८	६४६६४	२३५१	२४९९५	३६८४१	०	०	६४१८७	४७७

१.२. प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्वीकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
		सैद्धान्तिक दफा	
१	७	बैंक हिसाब मिलान प्रमाण पेश	
		लगति दफा	
२	८७	पाठ्यपुस्तकको विल भरपाई पेश	४७६६८७।०५
३	८८	अबकासपछिको तलब भत्ता भुक्तानी कट्टा गरेको प्रमाण पेश	५९२४८६।००
४	८९	बढी निकासा दाखिला प्रमाण पेश	४५९१४।९९
		जम्मा रु	१११५०८८।०४

२ अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
उर्लाबारी नगरपालिका मोरङ	१९७४५१	०	०	१९७४५१	०	६४६६४	२६२११५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : उर्लाबारी नगरपालिका, मोरङ , उर्लाबारी नगरपालिका , मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मुरारी प्रसाद घिमिरे	२०७८-४-१	२०७८-११-२१
कार्यालय प्रमुख	अग्नि प्रसाद अधिकारी	२०७८-११-२२	हाल सम्म कार्यरत
लेखा प्रमुख	गोविन्द कार्की	२०७३-१२-२२	हाल सम्म कार्यरत
		बेरुजु रकम	६४,६६३,६७१

गत बर्षको जिम्मेवारी		२०,०५,२४,७०२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४४,८४,१२,४७५	**चालु खर्च**	३९,६९,०४,१६१
प्रदेश सरकारबाट अनुदान	२,९२,६७,७२२	**पूँजीगत खर्च**	२९,७४,२१,८३१
राजश्व बाँडफाँट	११,०२,३४,६४८	**वित्तीय/अन्य व्यवस्था**	२६,७०,३७,७१८
आन्तरिक आय	१२,९७,८१,०५०		
अन्य आय	२८,९६,७४,७५४		
कुल आय	१,००,७३,७०,६४९	**कुल खर्च**	९६,१३,६३,७१०
बाँकी मौज्दात		२४,६५,३१,६४१	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षण
लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अुनसार तयार गरी स्वीकृत भएको लेखापरीक्षण योजना २०७९, इकाईगत लेखापरीक्षण योजना २०७९, लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुली र दाखिलाको जोडजम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भएसम्मका श्रेश्ताको परीक्षणबाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयबाट प्राप्त जवाफ र व्यवस्थापनसँगको वहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन्।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ७४.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ७० हजार ६०५ जनसंख्या रहेकोमा २०७८ को प्रारम्भिक जनगणना प्रतिवेदन अनुसार पालिकाको जनसंख्या ७१,५६२ रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राप्ति भुक्तानी हिसाब
<table>
<tr><td colspan="3">आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२</td><td>वित्तीय प्रतिवेदन</td><td></td><td></td><td>म.ले.प.फा.नं. २७२</td></tr>
<tr><td colspan="7">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td>विवरण</td><td>टिप्प</td><td>यस वर्ष रु.</td><td colspan="4">गतवर्ष रु.</td></tr>
</table></td><td></td></tr>
</table>

	णी	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९२,२७,७९,०७८.४३	७७९१२२२७८.४६		७७९१२२२७८.४६	८१,३६,७५,९८८.५५		८१,३६,७५,९८८.५५
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८८,९२,८५,२७७.००	७३२१५०७०८.४६	०	७३२१५०७०८.४६	७७,०२,३१,२७५.९२	०	७७,०२,३१,२७५.९२
११००० कर	११	१६,२७,७८,८००.००	१७६४०६४८७.८४	०	१७६४०६४८७.८४	१५,१२,२३,१५०.६७	०	१५,१२,२३,१५०.६७
१३००० अनुदान		६७,६३,७७,४७७.००	४९१८१३०२५.९३	०	४९१८१३०२५.९३	५७,४५,७०,६८२.५०	०	५७,४५,७०,६८२.५०
संघीय सरकार	१२	६१,८३,५३,०००.००	४४८४१२४७५.१३	०	४४८४१२४७५.१३	५४,२२,६५,२१८.५०	०	५४,२२,६५,२१८.५०
प्रदेश सरकार	१२	३,३७,४३,७९०.००	२९२६७७२२.	०	२९२६७७२२.	१,९१,९८,८९३.००	०	१,९१,९८,८९३.००
अन्तरिक श्रोत		१,०१,८०,६८७.००	७१८०६६२.	०	७१८०६६२.	४०,००,०००.००	०	४०,००,०००.००

जनसहभागिता		१,४१,००,०००.००	६९५२१६६.८	०	६९५२१६६.८	९१,०६,५७१.००	०	९१,०६,५७१.००
१४००० अन्य राजस्व		४,७५,७९,०००.००	६३६०९२१०.२३	०	६३६०९२१०.२३	४,१६,४१,०७८.७५	०	४,१६,४१,०७८.७५
१५००० विविध प्राप्ति		२५,५०,०००.००	३२१९८४.४६	०	३२१९८४.४६	२७,९६,३६४.००	०	२७,९६,३६४.००
ख. अन्य प्राप्ति		३,३४,९३,८०१.४३	४६९७१५७०.		४६९७१५७०.	४,३४,४४,७१२.६३		४,३४,४४,७१२.६३
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		३,३४,९३,८०१.४३	३००००००० .	०	३००००००० .	३,३०,२२,११३.६३	०	३,३०,२२,११३.६३
धरौटी		०	१६९७१५७०.	०	१६९७१५७०.	१,०४,२२,५९९.००	०	१,०४,२२,५९९.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		१,०३,१८,६२,५३२.४३	७३३११५३३९.२८		७३३११५३३९.२८	६२,२२,३८,०३५.४०		६२,२२,३८,०३५.४०
ग. भुक्तानी (सञ्चित कोषबाट)		९९,८३,६८,७३१.००	६९४३२५९९२.८२		६९४३२५९९२.८२	५८,८६,४०,८०७.९८		५८,८६,४०,८०७.९८

२१००० पारिश्रमिक / सुविधा	१८	७,२४,१०,०००.००	४८४५०९७७.६८	०	४८४५०९७७.६८	१६,७७,१०,६१३.०४	०	१६,७७,१०,६१३.०४
२२००० मालसामान तथा सेवाको उपयोग	१८	४१,६५,७३,०८२.०४	३४३८४४९५७.६२	०	३४३८४४९५७.६२	१७,१०,९०,४७८.२७	०	१७,१०,९०,४७८.२७
२५००० सहायता (Subsidy)	१८	३,००,०००.००	१६९४९८.	०	१६९४९८.	-२,५००.००	०	-२,५००.००
२६००० अनुदान	१८	१,३९,०९,०००.००	२८९००००.	०	२८९००००.	८७,६३,३५४.००	०	८७,६३,३५४.००
२७००० सामाजिक सुरक्षा	१८	६६,८०,०००.००	४५,०००.००	०	४५,०००.००	३१,१३,४६९.००	०	३१,१३,४६९.००
२८००० अन्य खर्च	१८	१७,३२,७३०.५६	१५०३७२९.	०	१५०३७२९.	१४,२३,९८८.००	०	१४,२३,९८८.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४८,६७,६३,९१८.४०	२९७४२१८३०.५२	०	२९७४२१८३०.५२	२३,६५,४१,४०५.६७	०	२३,६५,४१,४०५.६७
घ. अन्य भूक्तानी		३,३४,९३,८०१.४३	३८७८९३४६.४६		३८७८९३४६.४६	६२,२२,३८,०३५.४०		६२,२२,३८,०३५.४०
कोषहरु		३,३४,९३,८०१.४३	३०३६८२८३.४६	०	३०३६८२८३.४६	२,४७,७७,७९४.००	०	२,४७,७७,७९४.००

धरौटी		०	८४२२०२५.	०	८४२२०२५.	८८,१९,४३३.४२	०	८८,१९,४३३.४२
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-९६२.		-९६२.			
ङ. यो वर्षको बचत (न्युन)		(१०,९०,८३,४५४.००)	४६००६९३९.१८		४६००६९३९.१८	१९,१४,३७,९५३.१५		१९,१४,३७,९५३.१५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२००५२४७०१.९४		२००५२४७०१.९४	११,९२,८८,१८४.५६		११,९२,८८,१८४.५६
वर्षान्तको बाकी रकम (ङ + च)		(१०,९०,८३,४५४.००)	२४६५३१६४१.१२		२४६५३१६४१.१२	३१,०७,२६,१३७.७१		३१,०७,२६,१३७.७१
बैंक तथा नगद बाकी	२४		२४६५५३०४९.५८		२४६५५३०४९.५८	३१,६०,३८,६६८.७१		३१,६०,३८,६६८.७१

४			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा पारीश्रमिक कर कट्टी नगरेको रु. १८६७३५/- असुल भई दाखिला भएको छ ।	
५			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च	

			शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको सुत्र प्रणाली अनुसारको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः · कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै भुक्तानी हुने CGAS तर्फका संघीय कार्यक्रमहरु सामाजिक सुरक्षा तथा संरक्षणतर्फको रु. २२७२५९६२१ तथा राष्ट्रपति महिला सशक्तिकरण परियोजनातर्फ रु. ९८८७५० गरी कूल निकासा रु. २२८२४८३७१/ खर्च सुत्रमा समावेश गरिएको छैन । · सुत्र प्रणाली प्राप्ति भुक्तानी हिसाब अनुसार पालिकाको यस वर्षको कूल प्राप्ति रु. ७७९१२२२७८.४६ मा कूल भुक्तानी रु.७३३११५३३९.२८ घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी (धरौटी, कोष र संचित कोष)रु २००५२४७०१.९४ जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु. २४६५३१६४१.१२ देखिन्छ । तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**गत वर्षको जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार (सुत्र प्रणालीको २७२ अनुसार) गत वर्षको मौज्दात रु. २०७८६५०३२.०८ देखिन्छ । उक्त रकममध्ये यो बर्षको संचित कोष, कार्यसंचालन कोषहरु र धरौटीतर्फ समेत गरी रु. २००५२४७०१.९४ जिम्मेवारी सारेको देखियो । घटी जिम्मेवारी सारेको रु. ७३,४०,३३० सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु.	७,३४०,३३०
७			**बैंक हिसाब मिलान विवरण** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंक खातामा स्रेस्ता भन्दा रु. ३१६४७२२ बढी देखिएको छ । सो सम्बन्धमा पालिकाले बैंक हिसाब मिलान तयार गरी पेश गरेको छ ।	

बैंकको नाम	खाता नं	खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
कृषि विकास बैंक लिमिटेड	601701150595148	ग १.१, आन्तरिक राजस्व खाता	०	०
कृषि विकास बैंक लिमिटेड	601701150595113	ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
कृषि विकास बैंक लिमिटेड	601701150595156	ग १.३, आन्तरिक अनुदान खाता	०	०
कृषि विकास बैंक लिमिटेड	601701150595067	ग २.१, चालू खर्च खाता- विजोर वर्ष	०	२,०३,५७,८३५.६४
कृषि विकास बैंक लिमिटेड	601701150595016	ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष	०	३,६१,४१,४०६.४८
कृषि विकास बैंक लिमिटेड	601701150595024	ग ३.१, स्धानीय तह धरौटी खाता	१६९६७४३३.३३	१,६९,६७,४३३.३३
कृषि विकास बैंक लिमिटेड	601701150595083	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१६४१५०१५४.६५	१७,२१,६२,५५५.७०
कृषि विकास बैंक लिमिटेड	601701150595032	ग ५.१, स्थानीय तह विविध कोष खाता	९३३८६९.८	९,६६,७६३.८०
कृषि विकास बैंक लिमिटेड	601701150595091	ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०

कृषि विकास बैंक लिमिटेड	601701150595059	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	३११०१६६.६३	३१,२१,७७६.६३
बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]			-११२९४६९.	
बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]			६२५२०८९४.१७	
जम्मा			२४६५५३०४९.५८	२४,९७,१७,७७१.५८

८

कार्यसंचालन तथा विविध कोषहरुको विवरण

स्थानीय तहको कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहले पेश गरेको कोषहरुको कारोवारलाई सुत्रमा आवद्ध गरेको देखिन्छ । कोषतर्फको बैंक नगदी किताब अनुसार गत वर्ष जिम्मेवारी सारेको मर्मत कोष तर्फ रु. २४६९०५.८० तथा प्रकोप व्यवस्थापन कोषतर्फ रु ३२४६८९५.६३ गरी कूल रु ३४९३८०१.४३ रहेको देखिन्छ । उक्त रकम पालिकाले गत वर्षको जिम्मेवारी यस वर्ष आम्दानी बाँधेको छ । सुत्र प्राप्ति भुक्तानी हिसाब अनुसूचि १५ अनुसार गत वर्षको अल्या रु ४३८९९४९.४३ र यस वर्षको प्राप्ति रु ३०००००००आम्दानी देखिन्छ जसकारण कोषहरुतर्फ गत वर्षको अल्या रकम रकम रु ८९६१४८ बढी गरेको देखिन्छ भने सो बराबरको रकम कोषको यस वर्षको आम्दानीतर्फ घटी कायम देखिन्छ । कोषहरुको यस वर्षको खर्च रु ३०३६८२८३.४६ घटाएर बाँकी मौज्दात रु ४०२१६६६ हुने देखिन्छ ।

कोषहरु	गत वर्षको अल्या	यस वर्षको आम्दानी	कूल आम्दानी	खर्च	बाँकी
प्रकोष	३२४६८९५	१५८९६१४८.६३	१९१४३०४३.६	१६०३३८३९	३१०९२०४.६
मर्मत	२४६९०५	१५०००००.८	१५२४६९०५.८	१४३३४४४.४६	९१२४६१.३४

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३४९३८००</td><td>३०८९६१४९.४३</td><td>३४३८९९४९.४</td><td>३०३६८२८३.४६</td><td>४०२१६६६</td></tr></table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>धरौटी कारोबार
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ७ को नियम ६२ देखि ७२ सम्म धरौटी सम्बन्धि व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी धरौटी रकम फिर्ता गर्ने र नियमानुसार धरौटी आम्दानी हुने वित्तिकै स्रेस्तामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । कार्यालयको यस वर्षको धरौटी बाँकी स्रेस्ता अनुसार रु. १,६९,६७,४३३.३३ रहेकोमा उक्त बराबरको रकम धरौटी खातातर्फ बैंक मौज्दात रहेको देखिन्छ ।<table>
<tr><td rowspan="2">श्रोत</td><td rowspan="2">शुरु मौज्दात</td><td rowspan="2">यो वर्ष थप</td><td rowspan="2">जम्मा</td><td colspan="2">यो वर्षको भुक्तानी</td><td rowspan="2">बाकी</td></tr>
<tr><td>फिर्ता / खर्च</td><td>सदर स्याहा</td></tr>
<tr><td>धरौटी</td><td>८४,१७,८८८.३३</td><td>१,६९,७१,५७०.००</td><td>२,५३,८९,४५८.३३</td><td>८४,२२,०२५.००</td><td>०</td><td>१,६९,६७,४३३.३३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>नामनामेसी नखुलेको धरौटी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ६८(घ) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको आ.व ०७७।०७८ को धरौटीको व्यक्तिगत विबरण अनुसार बिभिन्न ठेक्का वापतको रु ४,८३,७७५।र विविध तर्फको रु१८,३२,०२०.३८समेत जम्मा रु २३,१५,७९५.३८धरौटीमा रहेको रकमको नामनामेसी नखुलाई आम्दानी जनाउदै अल्या गरेको देखियो । यसरी नियममा भएको स्पष्ट व्यवस्था विपरित कार्यालयले राजश्व आम्दानी बाँधेको नदेखिएकोले उक्त रकम राजश्व आम्दानी बाँधी सोको प्रमाण पेश हुनु पर्ने रु.</td><td>२,३१५,७९५</td></tr>
<tr><td>११</td><td></td><td></td><td>कर कट्टी दाखिला बाँकी
कार्यालयले कट्टी रकम दाखिला तथा भुक्तानी गर्न बाँकी रकमलाई आर्थिक वर्षको अन्तसम्ममा भुक्तानी/दाखिला गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । वित्तीय प्रतिवेदनको अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न रु. ९६२ बाकी देखिएकोमा उक्त रकम रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्ने रु.</td><td>९६२</td></tr>
</table>

१२

क्षेत्रगत बजेट खर्चको स्थिति

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले बजेट तथा कार्यक्रम तयार गरि स्वीकृत गर्दा तोकिएको क्षेत्र र उपक्षेत्रमा लिएका लक्ष्य अनुरुप प्रगती हासिल गर्नको लागि बजेट प्रस्ताव गर्दा दिगो विकासको लक्ष्य तथा लैगीक उत्तरदायीसमेत हुने गरी खर्च गर्नपर्ने व्यबस्था रहेको छ । पालिकाको यस बर्षको क्षेत्रगत खर्च विवरण यसप्रकार देखिएको छ ।

सिन	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च(प्रतिशतमा)
१	आर्थीक विकास	९,३१,४२,६६४.०४	७,२७,२४,४९५.५०	७८.०८
२	सामाजिक विकास	३५,७२,१३,९१७	२८,८६,७३,८३७.७५	८०.८१
३	पूर्वाधार विकास	३८,३१,१०,९७३.४०	२०,५०,२१,६८१.५२	५३.५१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,३३,५१,९७०	१,७२,३३,३९०.३८	७३.८
५	कार्यलय संचालन तथा प्रशासनिक	१४,२९,८६,२०६.५६	११,०६,७२,५८७.६७	७७.४
जम्मा		९९,९८,०५,७३१	६९,४३,२५,९९२.८२	६९.४४

कार्यलयले पुर्वाधार विकासमा स्वीकृत गरेको विनियोजन अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा कम रहेको छ । सामाजिक विकास आर्थिक विकास सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको विकास लगायतका क्षेत्रको खर्च विनियोजनको तुलनामा बढी खर्च भइ रहेको अवस्था देखिएकाले नगरपालिकाको भौतिक विकासको लागि अनुत्पादनशिल खर्चलाइ कटौती गरि तथा खर्चमा नियन्त्रण गरि पुर्वाधार तर्फको लगानीमा वृद्धि गर्नुपर्दछ ।

१३

लक्ष्य तथा प्रगति

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले पालिकाको चौमासिक प्रगति विवरण बनाई त्यस्तो अवधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर,

प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तोकिएको अवधिभित्र कार्यापालिकको बैठकमा पेश गर्ने गरेको देखिएन । पालिकाको आ.व. ०७८।७९ को वर्षिक वित्तीय प्रगति देहाय अनुसार रहेको छ । लक्ष्य अनुसारको प्रगति हासिल गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

चौमासिक अवधि	बजेट	खर्च	खर्च प्रतिशत
पहिलो चैमासिक	२२५३२८८६८	१३४१७४१२१.४३	५९.५४
दोश्रो चैमासिक	४५६०५५८४५.०४	१८१०६६४७९.५	३९.७
तेश्रो चैमासिक	२४२०६९२१४.९६	३७९०८५३९१.८९	१५६.६

१४

योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यो वर्ष पालिकाले कार्यान्वयनको लागि छनौट गरेका योजनाहरु देहायअनुसार छन्ः

क्र.सं.	योजना तथा कार्यक्रम	संख्या	रकम (रु हजारमा)
१	एक लाख भन्दा कमका	१६८	५७५०.
२	१-५ लाखसम्मका	३५८	१०००२९.५८
३	५-१० लाखसम्मका	६६	४८२६८.४४
४	१०-२० लाखसम्मका	१८	४४६४२.३४

			<table><tr><td>५</td><td>२०-५० लाखसम्मका</td><td>२३</td><td>७०५५५.९४</td></tr><tr><td>६</td><td>५० लाखदेखि - १ करोडसम्मका</td><td>२</td><td>१२९५०.</td></tr><tr><td>७</td><td>१ करोड भन्दा माथिका</td><td>०</td><td>०</td></tr><tr><td colspan="2">जम्मा</td><td>६३५</td><td>२८२१९६.३</td></tr></table>	
१५			**रकमान्तर** आर्थिक बर्ष ०७८।०७९ का लागि स्वीकृत भएका योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजनातर्फ स्वीकृत रु ९९,९८,०५,७३१ रकम बराबरको बजेटमा पारित भएका योजना तथा कार्यक्रममा पटक पटकको कार्यपालिका तथा नगरसभाको बैठकबाट नयाँ तथा पुरानालाइ परिमार्जन गरि उक्त संशोधन भएका योजनाहरुमार्फत खर्च गरिएको छ । पालिकाले यस वर्ष विभिन्न १७ वटा योजनाहरु कार्यान्वयन नगरी उक्त योजनाको रु. ३ करोड २२ लाख ०६ हजार बराबरको बजेटलाई रकमान्तर गरी अन्य योजनाहरुमा खर्च गरेको छ । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने तथा बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरिनुपर्ने देखिन्छ ।	
१६			**नीति तथा योजना कार्यान्वयनको स्थिति** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । स्थानीय तहको बजेट तर्जुमा कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगले स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन तर्जुमा गरी जारी गरेको छ । स्थानीय तहमा टोल वस्ती स्तरबाट आयोजनाको संकलन गरी तीनलाई विभिन्न सूचकका आधारमा अंकभार दिई प्राथमिकीकरण गर्नुपर्ने र बढी प्राथमिकता प्राप्त आयोजनाहरूलाई स्रोत उपलब्धताका आधारमा बजेट विनियोजन गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले वार्षिक बजेट तर्जुमा गर्दा छनौट गरेका आयोजना तथा कृयाकलापहरुको प्राथमिकीकरण गरेको छैन । यसबाट कम प्राथमिकता प्राप्त आयोजनालाई बजेट विनियोजन हुने र बढी प्राथमिकता प्राप्त आयोजनालाई बजेट विनियोजन नहुने अवस्था रहन सक्ने देखिन्छ । बजेट तर्जुमा गर्दा आयोजनाको प्राथमिकीकरण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।स्थानीय सरकारको सर्बोच्च अंगको रुपमा रहेको सभाबाट पारित भएका वार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनु पर्दछ । यस नगरपालिकाको नवौं नगर सभावाट पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा अधिकांस नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा आएता पनि वजेटमा उल्लेखित निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन ।कार्यक्रम निर्माण तथा कार्यान्वयन पक्षलाई विश्लेषण गरि प्राप्त पृष्ठपोषणको आधारमा देखिएका कमि कमजोरीमा सुधार गरि घोषित कार्यक्रमहरुलाई घोषणा अनुसार कार्यान्वयन	

			गरिनु पर्दछ। • स्वास्थ्य सम्बन्धी नीतिमा निजि अस्पताल, पोलिक्लिनिक ,क्लिनिक तथा सहकारी अस्पतालहरुको सेवालाई व्यवस्थित गराउन तोकिएका सेवाहरुको प्रवाह,सेवाशुल्क आदि मापदण्ड अनुसार भए नभएको नियमित अनुगमन गर्ने साथै निजि स्वास्थ्य संस्थाहरुको दर्ता तथा नविकरण लाई व्यवस्थित गर्ने नीति रहेकोमा कार्यविधिको मस्यौदा तयार गरेको जानकारी गराए पनि स्वीकृत नभएको, • कृषि विकास सम्बन्धी नीतिमा कृषकलाई बजारसम्मको पहुँच बढाउन कृषि उपज संकलन केन्द्र कृषि उपज बजार तथा बिज भण्डारण, सिड बैंक स्थापना र सञ्चालन, निजी तथा सहकारी क्षेत्रबाट साझेदारीमा शित भण्डारण निर्माण र सञ्चालन गर्ने उल्लेख भएकोमा बजेट तथा जग्गाको व्यवस्थापन तथा समन्वय हुन नसकेको, • संस्थागत विकास तथा सुशासन नीतिमा आन्तरिक पर्यटन प्रबर्द्धन र कर्मचारीलाई प्रोत्साहन गर्ने नीति प्रदेश कानूनको अभावमा कार्यान्वयन हुन नसकेको, • भौतिक पूर्वाधार नीतिमा आ.व. २०७८।०७९ भित्र सबै वडा कार्यालयहरु आफ्नै सुविधा सम्पन्न पक्की भवनमा सञ्चालन गर्ने उल्लेख भएपनि सबै वडामा निर्माण सम्पन्न हुन नसकेको , • खानेपानी तथा सरसफाई सम्बन्धी नीतिमा " मेरो फोहोर मेरो जिम्मेवारी",फोहोरलाई मोहर बनाऔं"भन्ने नाराका साथ घरेलु फोहोर व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने उल्लेख भएकोमा योजना तथा कार्यक्रम र बजेट विनियोजन नभएको, • विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीतिमा अति विपन्न समुदायलाई निःशुल्क विद्युत मिटर जडान गर्ने उल्लेख भएकोमा योजना तथा कार्यक्रम तथा बजेट विनियोजन नभएको, • शिक्षा सम्बन्धी नीतिमा विद्यालयमा छात्राहरु र महिला शिक्षिकाहरुका लागि Changing Room को क्रमशः व्यवस्था उल्लेख भएकोमा बजेट तथा कार्यक्रम विनियोजन भए पनि कार्यान्वयन हुन नसकेको, शिक्षाको नगर गुरुयोजना नबनेको, • राजश्व सम्बन्धी नीतिमा नगरको उत्कृष्ट करदातालाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गर्ने र प्रत्येक वडाका उत्कृष्ट करदाताको सम्मान गर्ने कार्यको थालनी गर्ने उल्लेख भएकोमा वार्षिक कार्यक्रममा प्राथमिकता नपाएको लगायतका व्यहोरा देखिएकोले घोषित नीति अनुसारको कार्यक्रम र बजेट व्यवस्था गरि लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ ।	
१७			**आन्तरिक आय अनुमान तथा असुली**	

उर्लावारी नगरपालिकाको आर्थिक वर्ष ०७८।७९ को वार्षिक आय अनुमान तथा असुलीको अवस्था निम्नानुसार रहेको छ :

राजश्व संकेत	राजश्व शिर्षक	आ.व.२०७८/०७९ को अनुमान	आ.व.२०७८/०७९ को यथार्थ आय	प्रतिशत
११३१३	सम्पत्ति कर	३९०००००	४००८१७६.७५	१०२.७७
११३१४	भूमी कर (मालपोत)	६५०००००	६३४२६५१.०२	९७.५८
११३२१	घर वहाल कर	५७०००००	३३२८८०५.२६	५८.४
११३२२	बहाल विटौरी शुल्क	१६०००००	२२२६७८४.५४	१३९.१७
११४५१	सवारी साधन कर	१०५०००	३१२००	२९.७१
११३५१	ब्यवसाय कर	५५०००००	४९०४९६५	८९.१८
११४५२	पुर्वाधार सेवाको उपयोग कर	१८५००००	२४७७९६५	१३३.९४
११४७२	विज्ञापन कर	३२५०००	३०५९८५	९४.१५
११४७३	अन्य मनोरंजन कर	७५०००	२६००	३.४७
११६१३	ब्यवसाय रजिष्ट्रेशन दस्तुर	३०००००	२१०३१३५.६	७०१.०५
११६९१	अन्य कर	१५००००	५८५०	३.९
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	६५५०००	०	०
१४१७९	अन्य बाँडफाँड हुने राजश्व (ढुंगा, गिटी, वालुवा)	२४००००००	३४३०८३०४.०१	१४२.९५
१४२१३	अन्य विक्रीबाट प्राप्त रकम	७५०००	१८७५०	२५

१४२१८	विद्युत सेवा शुल्क	०	५०६०	१००
१४२१९	अन्य सेवा शुल्क	२७५०००	१८१०	०.६६
१४२२१	न्यायिक दस्तुर	५५०००	१५९००	२८.९१
१४२२४	परिक्षा शुल्क	१९५०००	१६५०००	८४.६२
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	१२५०००	९९३६०४.४९	७९४.८८
१४२४२	नक्शापास दस्तुर	६७०००००	४५०६३१९.२५	६७.२६
१४२४३	सिफारिश दस्तुर	६७०००००	८४९८१६९	१२६.८४
१४२४४	ब्यक्तिगत घटना दर्ता दस्तुर	०	८५०४५५	१००
१४२४५	नाता प्रमाणित दस्तुर	३२९०००	३६०३२९.१२	१०९.५२
१४२४९	अन्य दस्तुर	२३०००००	५५२३२०८.३२	२४०.१४
१४३११	न्यायिक दण्ड जरिवाना र जफत	३५०००	५५४००	१५८.२९
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	१०५०००	१२१८४७.०९	११६.०४
१४५२१	प्रदुशण नियन्त्रण शुल्क	१९५०००	०	०
१४५२९	अन्य राजश्व (विविध आय)	३५०००	१६४०.२१	४.६९
१५१११	वेरुजु	२५५००००	३२१९८४.४६	१२.६३
आन्तरिक आय तर्फको जम्मा		७०३३४०००	८१४८५८९९.१२	११५.८६

उल्लेखित विवरणवाट उर्लावारी नगरपालिकाको आर्थिक ऐन,२०७८ ले गरेको व्यवस्था अनुसार पालिकाले यो बर्ष समग्र असुलीमा लक्ष्य भन्दा केहि बढी आन्तरिक आय गरेता पनि नक्सा पास दस्तुर,अन्य सेवा शुल्क,अन्य विक्रीवाट हुने आय,अन्य मनोरन्जन कर,भूमि कर,घरजग्गाकर

			लगायतमा लक्ष्य अनुसारको प्रगति प्राप्त गरेको देखिएन । विद्युत सेवा शुल्क तथा व्यक्तिगत घटना दस्तुरमा लक्ष्य नतोकिएता पनि केहि राजश्व आर्जन गरेको देखियो । सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय , प्रदुशण नियन्त्रण शुल्क आम्दानी शिर्षकमा शून्य प्रगति भएको देखाएता पनि ती शिर्षकमा भएको आम्दानी अन्य शिर्षकमा आम्दानी बाँधेको पाईयो । अत पालिकाले सम्भाव्य क्षेत्रको समयमै पहिचान गरि लक्ष्य तोक्ने , राजश्व असुली न्यून भएका शिर्षक पहिचान गरि पुनरावलोकन गर्ने, सम्बन्धित शिर्षकमा राजश्व दाखिला गर्ने,कार्य योजनाको कार्यान्वयन गर्ने तथा अनुमान र असुलीको समिक्षा गरि देखिएका कमी कमजोरीलाई आगामी दिनमा सुधार गर्नु पर्दछ ।	
१८			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी , प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलीत कानुन बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तिरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले २०७८ मा आन्तिरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याएको भएता सोको अनुगमन परीक्षण सूची तयार गरेको छैन ।यसवाट सोको कार्यान्वयन अवस्थामा मुल्याँकन हुन सक्ने अवस्था नरहेकोले निम्न सुधार सहित त्यसको कार्यान्वयनमा पालिकाको ध्यानाकर्षण हुनु पर्ने देखियो । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा हालसम्म पालिकाको अध्यावधिक प्रोफईल तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार तथा सार्वजनिकरण गरेको छैन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको छैन।	

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा यो वर्ष गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा कार्यान्वयन गरेको छैन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा यो वर्ष गरेको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान गरेको छैन । दमक नगर पालिकासंग संयुक्त प्रयास तथा लगानिमा लेण्ड फिल्ड साईड तय गर्ने प्रयास भईरहेको जानकारी गराएता पनि यसमा उल्लेखनिय प्रगति भएको पाईएन

• परामर्शदातामार्फत आवधिक योजना तयार भएपनि कार्यपालिका तथा सभावाट उक्त योजनाको अनुमोदन गरि कार्यान्वयनमा ल्याएको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ८४(२) ङ अनुसार प्रमुख प्रशासकियअधिकृतले आयोजनाहरुको फरफारककालागि प्रतिवेदन तयारगरि कार्यपालिकायको बैठकमा पेश गर्ने काम र कर्तव्य तोकिएकोमा यो काम र कर्तव्य पुरा भए गरेको पाईएन ।यसले गर्दा पालिकावाट सम्पन्न कार्यको जाँचपास र फरफारक गरेको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ४५(१,२) अनुसारनगरपालिकाले आफ्नो क्षेत्र भित्र स्थानीय सडकको दाँया वायाँको अधिकार क्षेत्र तोक्न सक्ने साथै राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दाँया वाँया अधिकारक्षेत्र (राईट अफ वे) को मापदण्ड पालना गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले २०७४ मा नगर स्तरिय यातायात गुरु योजना बनाएता पनि त्यसलाई अध्यावधिक गरि राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दाँया वाँया अधिकारक्षेत्र (राईट अफ वे) को मापदण्ड पालना सम्वन्धमा कुनै कारवाहि गरेको देखिएन । बढ्दो शहरीकरण तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा पालिकाको ध्यानाकर्षण हुन आवस्यक देखिन्छ ।

<table>
<tr><td>१९</td><td></td><td></td><td>सेवा प्रवाह
सेवा प्रवाहतर्फ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्ना नागरिकहरुलाइ प्रदान गरेका सेवा र सोको प्रभावकारीता सम्बनन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिइ सेवाको गुणस्तर समेतमा आश्वस्त भइ सवा प्रवाह संचालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आब २०७८।०७९ को अवधीमा प्रदान गरको सेवाहरुको सम्बन्धमा विवरण माग गरिएकोमा पेश हुन आएको व्यहोरा निम्नानुसार राखिएको छ ।
<table>
<tr><th>क्रस</th><th>विवरण</th><th>निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>-</td><td>१२४५</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>-</td><td>१९१९</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>-</td><td>९२९</td></tr>
<tr><td>४</td><td>जन्म मृत्यु दर्ता</td><td>-</td><td>२६२३</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>-</td><td>४४४०</td></tr>
</table>
सेवाग्राहीबाट पालिकामा पेश हुन आएको निवेदन उपर पुर्ण कार्यन्वयन गरि सेवाग्राहीलाई सेवा उपलब्ध गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>वित्तिय जोखिम मूल्याङ्कन
पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७७।७८ मा ५७.५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७७।७८ मा ५९ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले यसमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कर्मचारी दरबन्दी तथा पदपूर्तिको अवस्था
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोहि अनुसार दरबन्दी स्वीकृत गरेकोमा ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेको</td><td></td></tr>
</table>

			पाइएन । पालिकाले कार्यालय तर्फ ७२, वडा कार्यालय तर्फ ३६, र अन्य शाखा तर्फ ३७ जना गरी कुल १४५ जनाको दरबन्दी स्वीकृत गरेकोमा प्रशासन तर्फ १ अधिकृत, शिक्षा अधिकृत ७/८ तर्फ १, कानून अधिकृत १, प्रशासन सहायक पाचौं ४, लेखा सहायक पाचौं १, प्रशासन सहायक चौथो १ लगायत विभिन्न २३ पद रिक्त रहेको पाइयो । अधिकृत तथा प्रशासन सहायक लगायत प्रशासकिय कामकाज गर्ने दरबन्दी रिक्त भएकोले पालिकाको सेवा प्रवाहमा असर पर्न गएको पाइएकोले यथाशिघ्र पदपूर्ति गर्नेतर्फ पालिकाले ध्यानपुर्याउनु पर्दछ । त्यस अतिरिक्त पालिकामा विभिन्न ६४ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ती भई कार्यरत रहेको पाइयो । पालिकाको स्वीकृत दरबन्दी अन्तरगत वरुणयन्त्र व्यवस्थापन अन्तर्गतका ९ कर्मचारी समावेश भएको पाइएन । तसर्थ पालिकाले स्थानिय सेवा सञ्चालन सम्बन्धी ऐन पारित गरी, ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेरमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गराउनुपर्दछ ।	
२२			**करार कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ६४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. २६८४९९९२/- खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक १ इन्जिनियर, २ सब इन्जिनियर, १ कम्प्यूटर अपरेटर, १ अमिन, १ असिस्टेन्ट सव ईन्जिनियर गरी जम्मा ६ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. २४६८८५५/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.	२,४६८,८५५
२३			**तलबी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलब भुक्तानी गर्दा जिल्लास्थित निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानिय तहका कर्मचारिको हकमा सम्बन्धित कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले तलबी प्रतिबेदन पास नगराई तलब खुवाउन नहुने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष विभिन्न ४७ जना कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु. २७९५७६९८/- तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा कर्मचारीहरुको ग्रेड सम्बन्धमा एकिन हुन सकेन । पालिकाले तलब भत्ता खर्च लेख्दा निजामती सेवा ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
२४			**पुँजिगत तर्फको चौमासिक खर्च**	

			स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिक कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। आयोजनाले उपलब्ध गराएको पुंजिगत तर्फको चौमासिक खर्चको विवरण अनुसार कूल पूंजीगत खर्च मध्ये प्रथम चौमासिकमा १२.३८ प्रतिशत, दोस्रो चौमासिकमा २४.७६ प्रतिशत र तेस्रो चौमासिकमा ७२.८५ प्रतिशत तथा आषाढमा मात्र ३५.६४ प्रतिशत खर्च भएको छ । कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा समानुपातिक रुपमा खर्च नभई आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्ने कार्यलाई नियन्त्रण गरी तोकिएको समयमै कार्यसम्पादन गर्नुपर्दछ ।(रु हजारमा)	
२५			**खरिदमा प्रतिस्पर्धाको स्थिति** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(४) अनुसार निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभए सम्म कार्यस्वीकर गर्न नहुने उल्लेख छ । सोही नियमावलीको नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । नमूना छनोट गरी अध्ययन गर्दा विभिन्न ठेक्काहरुमा खरिद सम्झौता, लागत अनुमानको तुलनामा ४.७७ प्रतिशत देखि ३८.८७ प्रतिशत सम्म घटी कबोल अंकमा ठेक्का सम्झौता भएको देखिन्छ । यसरी स्वीकृत लागत अनुमान र कवोल अंकमा भएको फरकले लागत अनुमानको वास्तविकता तथा कामको गुणस्तरमा समेत असर पर्ने संभावनालाई न्यूनीकरण गरि खरिद कार्यमा सोको असर नपर्ने गरि सार्वजनिक खरिद कार्य सम्पन्न गरिनु पर्दछ । त्यस्तै गरी न्यून प्रतिस्पर्धा देखिएका ठेक्काहरुमा प्रतिस्पर्धा न्यून हुनुका कारणहरुको विषयमा समीक्षा गरी आगामी दिनमा ठेक्का व्यवस्थापनलाई प्रतिस्पर्धी बनाउन कार्यालयले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

ब.उ.शि.नं.	कुल खर्च	चौमासीक खर्च			
		प्रथम चौमासीक	दोस्रो चौमासीक	तेस्रो चौमासीक	आषाढ महिना
पुंजीगत खर्च	२९७४२२.	३६८३९.	७३६४०.	१८६९४२.	१०६०२१.
प्रतिशत		१२.३८%	२४.७६%	७२.८५%	३५.६४%

सि.नं.	क्रियाकलापको नाम	लागत अनुमान	सम्झौता रकम	फर्मको नम	घटी प्रतिशत
१	Construction of Blacktop road of janamarga ka kha and milijuli marga, ward 6	३५२९६५५	२९९२१८३	ताविज निर्माण सेवा	१५.२२
२	Construction of Blacktop Road Kerkharli	३००००००	२८५६८७८	भिमेश्वर कन्सट्रक्सन	४.७७

	to ward office 2				
३	ससकोशी मार्ग कालोपत्रे, स्कूल डाडाँदेखि आइतबारे रोड	३५२९२४०	३३५०३१७	मिक्लु कन्सट्रक्सन एण्ड सप्लायर्स	५.०६
४	रामनगर दुर्गा मा वि जाने बाटो कालोपत्रे	२५०००००	२३७५२९३	भिमेश्वर कन्सट्रक्सन	४.९८
५	झुम्राहा खोलामा बक्स कल्भर्ट निर्माण	३९०२८२९	२७२४२९५	युगल कन्सट्रक्सन	३०.१९
६	वडा कार्यालय भवन निर्माण, वडा नं ८	१७६६८६५२	१०७९९५२८	रिजेन्सी विल्डर्स प्रा लि	३८.८७
७	वडा कार्यालय भवन निर्माण, वडा नं ७	१७६६८६५२	१०७९९५२८	रिजेन्सी विल्डर्स प्रा लि	३८.८७
८	वडा कार्यालय भवन निर्माण, वडा नं ६	१७६६८६५२	१०७९९५२८	रिजेन्सी विल्डर्स प्रा लि	३८.८७

२६

न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १०४ र यो बर्ष थप भएको ६१ गरी कूल १६५ विवाद दर्ता भएकोमा ३८ वटा मात्र फस्यौंट भई १२७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२७

कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म २० वटा ऐन, ५ वटा नियमावली, ३१ वटा कार्यविधि ३वटा निर्देशिका लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । पालिकाले आवश्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२८			**निर्णयका आधार कारण नखुलाएको** प्रशासकीय कानूनका सिद्धान्तहरुमा कुनै पनि निर्णय गर्दा निर्णय गर्ने आधार र निर्णय गर्नुपर्ने कारण खुलाइ निर्णय हुनुपर्दछ । यस पालिकाको हालसम्म सम्पन्न सातौं नगरसभा सम्मका निर्णयहरु हेर्दा आधार र कारण नखुलाइ सुरु श्रावणदेखि आषाढ मसान्तसम्म भए गरेका सबै कार्यापालिकाको निर्णय अनुमोदन गरियो भनि निर्णय भएको देखियो । यसरी निर्णय गर्दा निर्णयको आधार र कारण खुलाइ अनुमोदन भएमा यस्ले विषय वस्तुको गहिराइ सम्म जनप्रतिनिधी पुगेको आभास र जोखिमलाइ कम गर्ने देखिन्छ ।	
२९			**भूउपयोग नीति कार्यान्वयन** भूमिको वर्गिकरण,समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमवाट अधिकतम र दिगो लाभ हासिलगर्न भूउपयोग ऐन ,२०७६ मिति ०७६।५।६ देखि लागु भएको छ । ऐनको दफा ५ले ऐन प्रारम्भ भएको एक बर्षभित्र मन्त्रालयले स्थानीय तहको भूउपयोग नक्सा तयार गरि हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेता पनि सम्वन्धित मन्त्रालयवाट सो अनुसारको नक्सा हस्तान्तरण भई प्राप्त भएको देखिएन । त्यसैगरी दफा ६को उपदफा ५ मा स्थानीय तहले संघ र प्रदेशको भूउपयोग योजनाको प्रतिकूल नहुने गरी स्थानीय भू उपयोग योजना तयार गर्नु पर्ने व्यवस्था रहेकोमा नक्साको अभावमा उक्त कार्य हुन सकेको छैन ।ऐन कार्यान्वयनको लागि २०७९ जेष्ठ २३ मा मात्र नियमावली बनेको र ऐन तथा नियमावलीमा भएका व्यवस्थाको कार्यान्वयन समयमै हनु नसक्दा दिगो विकास हुने गरि भूमिको सदुपयोग र संरक्षणमा हुन नसकेको अवस्था यस पालिकामा समेत रहेको छ। यो आवमा यस सम्वन्धमा आवस्यक कारवाहि अगाडी बढिरहेको व्यहोरा छलफलमा जानकारी हुन आएकोले यसमा सम्वद्ध पक्षको समयमै ध्यानाकर्षण हुनु पर्दछ ।	
३०			**जिन्सी व्यवस्थापन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्टेद १० मा सम्पत्तिको जिम्मा लगत र संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । यस कार्यालयको आ व ०७८।०७९ को जिन्सी व्यवस्थापन परीक्षणमा निम्न व्यहोरा देखिएको छ । १. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (१) अनुसार कार्यालय प्रमुखले लगत खडागरि अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी सामानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरि सो समितिवा जिन्सी निरिक्षण गरि गराई प्रतिवेदन लिनु पर्ने व्यवस्था भएता पनि पालिकाले ०७९।५।१६मा समिति गठन गरि ०७९।५।२९ मा प्रतिवेदन प्राप्त गरेको देखिएकोमा प्रतिवेदनमा औंल्याएका निम्न व्यहोराको कारवाहि गरेको नदेखिएकोले त्यसमा कारवाहि गरि जिन्सी श्रेस्ता अध्यावधिक वनाउनु पर्दछ । २. पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन । ३. घुम्ती शौचालय लगायतका केहि समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा समावेस नभएकोले त्यसलाई एकिन गरि समावेश गरी लगत अध्यावधिक बनाउनु पर्दछ ।	

			४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (४) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिबेदनमा मर्मत गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको तीन महिना भित्र कारवाहिको प्रक्रिया अगाडी बढाउनु पर्ने व्यवस्था गरेता पनि प्रतिवेदनमा उल्लेख भएका ल्यापटप २३, प्रिन्टर २५, डेस्क टप ६, अफिस टेवल ९, रिभल्भीङ चियर२५, सोफा सेट१०, फ्रिज ४, दराज १२ थान लगायतका सामानको मर्मत गर्न सिफारिस भएता पनि सोको कारवाहि लेखापरीक्षण अवधिसम्म सुरु भएको नदेखिएकोले नियमको पालना हुनु पर्दछ । ५. लिलामको कारवाही : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६ (१) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिबेदनमा लिलाम बिक्री गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको एक महिना भित्र कारवाहिको प्रक्रिया अगाडी बढाउनु पर्ने व्यवस्था गरेता पनि प्रतिवेदनमा उल्लेखित फायस ईस्टिनगुसर, पलङ को लिलाम गर्न सिफारिस भएता पनि सोको कारवाहि लेखापरीक्षण अवधिसम्म सुरु भएको नदेखिएकोले नियमको पालना हुनु पर्दछ ।	
३१			**अनुत्पादक खर्च** स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालनमा रु. ३०९२०१२/-, धार्मिक तथा साँस्कृतिक सहयोग बापत मेला सम्मेलन, भजन मण्डली, मन्दिर पुजा सहयोग खर्चमा आर्थिक सहयोग बापत रु. १८५०३४६/- विभिन्न जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरी रु. ६४१७३३/- खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले ब्रह्मकुमारी राजयोग सेवा केन्द्रलाई रजत जयन्ती महोत्सव खर्च सहयोगबापत रु. ४०००००/- भुक्तानी गरेको पाइयो । पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।	
३२			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष विविध खर्च शिर्षकमा रु. ३०७९२०१/- खर्च गरेको पाइयो । पालिकाले विविध खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।	
३३			**कर्मचारी खाजा भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा	५,८३५,५६५

			सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यालय सञ्चालनलाई सहज बनाउन उर्लाबारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ निर्माण गरी सभा द्वारा स्वीकृत गरेको पाइयो । सोहि निर्देशिकाको परिच्छेद ४ को बुँदा नं. ७ (१४) मा पालिका र वडामा कार्यरत कर्मचारीहरुलाई अतिरिक्त समय काम गर्नुपर्ने भएमा नगरसभाबाट बजेट व्यवस्था गरी स्तर र श्रेणी अनुसार अतिरिक्त खाजा खर्च दिन सकिने व्यवस्था छ । सोही व्यवस्थालाई आधारमानी नगर कार्यपालिकाले स्वीकृत संगठन संरचना भित्रका सम्पूर्ण कर्मचारीहरुलाई खाजा भत्ता बापत मासिक रु. ४०००/- का दरले उपलब्ध गराउने निर्णयको आधारमा यो वर्ष पालिकाले स्थायी तर्फका ४७, स्वास्थ्य स्थायी तर्फका १५ र करार तर्फका ६५ जना कर्मचारीहरुलाई खाजा भत्ता बापत रु. ५८३५५६५/- खर्च गरेको छ । पालिकाले अतिरिक्त समयमा गरेको कार्यहरुको कार्यविवरण तथा अतिरिक्त समय कार्य गरेको प्रमाणित हाजीर समेत पेश नगरी संगठन भित्रका सबै कर्मचारीलाई भत्ता वितरण गरेको पाइयो । कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएको खाजा भत्ता बापत खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको रु.	
३४			**औषधी उपचार आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरण सम्बन्धी उर्लाबारी नगरपालिका, स्वास्थ्य सम्बन्धी आर्थिक सहायता कार्यविधि, २०७७ तयार गरी विपन्न,गरीव, सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी आर्थिक सहायता शिर्षकमा यस वर्ष रु. ५५१६००/- खर्च गरेको पाइयो । यसरी आर्थिक सहायता वितरणको नमुना छनौट गरी परीक्षण गर्दा रु. २००००/- सम्म नगर प्रमुखको तोकआदेशले र सो भन्दा माथिको रकम कार्यपालिका निर्णयको आधरमा वितरण गर्ने गरेको पाइयो । पालिकाले कार्यविधि तयार गरेको भएतापनी कार्यविधिको परिच्छेद ३ दफा ५ मा व्यवस्था भए बमोजिम आर्थिक सहायताको अभिलेख राख्ने र त्रैमासिक रुपमा प्रतिवेदन पेश गरेको पाइएन । त्यस अतिरिक्त पालिकाले गरिब तथा विपन्न नागरिको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बिमा गरे बापत यस वर्ष रु. १४४४८००/- खर्च गरेको छ । पालिकाले स्वास्थ्य बिमा गरेका नागरिकलाई औषधि उपचार सहयोग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्नेका साथै यस्तो खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।	
३५			**अनुगमन मापदण्ड** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै	

			विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ कृयाकलाप प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।	
३६			**सस्थागत विद्यालय** स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयहरुको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।	
३७			**सहकारीहरुको अद्यावधिक अभिलेखीकरण र अनुगमन** पालिकाको सहकारी ऐन अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र शहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा सम्बन्धी व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयको सहकारी संस्था सन्चालन सम्बन्धी उल्लेखित व्यवस्थाको परीक्षण गर्दा उक्त व्यवस्था कार्यान्वयन नगरेको अवस्थामा सहकारीको यथार्थ अवस्थाको वारेमा विश्लेषण गरि आश्वस्त हुन सक्ने अवस्था देखिएन । साथै प्रदेशबाट यस पालिका अन्तर्गत हस्तान्तरण भई आएका तथा एक आपसमा गाभिएका सहकारीहरुको अद्यावधिक अभिलेख, संघ र प्रदेशमा दर्ता भई यस पालिकामा काम गर्न अनुमती लिएका सहकारीहरुको अद्यावधिक अभिलेख समेत पालिकाले तयार गरेको देखिएन । प्रभावकारी निरीक्षण तथा अनुगमनको अभावले सर्वसाधारणको सामान्य बचत सुरक्षित रहन नसक्ने अवस्था समेतलाई ध्यान दिई पालिकाले उल्लेखित व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
३८			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै पक्षको कर्तव्य हुने व्यवस्था छ । पालिकाले निम्नानुसार पेश्की दिएको रकम रु. ६९५५८५६/- आर्थिक वर्षको अन्त्य सम्म पनि फर्स्यौट नभई वांकी रहेको देखिएकोले नियमानुसार असुल फर्स्यौट र नियमित हुनुपर्ने रु.	४७७,०००

पेश्की लिनेको नाम	पेश्की मिति	प्रयोजन	पेश्की रकम	म्याद नाघेको पेश्की
रेणुका प्रसाद काफ्ले	२०७९।३।१०	अनलाइन रिपोर्टिङ सिस्टम तथा एल एम आई इस तालिम	२२००००	२२००००
सरोज न्यौपाने	२०७९।३।९	कक्षा ८ को नगरस्तरिय परीक्षा व्यवस्थापन	२५७०००	२५७०००
रेजेन्सी बिल्डर्स प्रा.लि.	२०७८।११।१०	उर्लाबारी नगरपालिकाको वडा कार्यालय भवन निर्माण, वडा नं. ६, ७ र ८	३२३९०००	०
रेजेन्सी बिल्डर्स प्रा.लि.	२०७८।१२।१	उर्लाबारी नगरपालिकाको वडा कार्यालय भवन निर्माण, वडा नं. ६, ७ र ८	३२३९८५६	०
जम्मा			६९५५८५६	४७७०००

३९

करदाता दर्ता तथा नविकरण

यस नगरपालिकाको आर्थिक ऐन,२०७८ अनुसार नगरपालिका भित्रका विभिन्न व्यवसायको, विभिन्न व्यक्तिको सम्पत्तिमा तथा बहालमा लगाएको सम्पत्तिमा विभिन्न दरमा कर तथा शुल्कको व्यवस्था गरेको छ ।पालिकामा निम्नानुसार करदाता रहेको अभिलेख परीक्षण गर्दा उक्त ऐन तथा सो अन्तर्गतका अनुसूचीमा भएको व्यवस्था अनुसार व्यवसाय तथा सम्पत्ति तर्फको विगत आर्थिक बर्षमा दर्ता भएका तथा यो वर्ष सम्म नविकरण नगराएका र खारेज पनि नभएको अवस्था समेत रहेको छ ।सम्पत्ति कर तर्फ यो बर्ष कर दाखिला नगर्नेको संख्या ६५९६ रहेको छ। वार्षिक रुपमा बुझाउनु पर्ने कर समयमै दाखिला नहुदा श्रोत साधनमा असर पर्दछ ।यसका लागि नगर पालिकावाट उल्लेखनिय प्रयास

भएको देखिएन ।पालिकाले सवै आयका श्रोत अनुसारका करदाताको अध्यावधिक अभिलेख कायम गरि बाँकी बक्यौता र नियमित राजश्व असुलीलाई प्रभावकारी बनाउनु पर्दछ ।

राजस्वका स्रोत अभिलेख	जम्मा करदाता संख्या	कर तिरेका करदाता	तिर्नबाँकी करदाता
सम्पत्ति कर	२२१६३	१५५१७	६५९७
व्यवसाय कर	१०१	१०१	०
बहाल कर	३६	३६	०

४०

घर नक्सा पास दस्तुर

स्थानीय सरकार सन्चालन ऐन,२०७४ तथा उर्लाबारी नगरपालिकाको आर्थिक ऐन,२०७८ को अनूसुचि ११ को देहायमा गरेको व्यवस्था अनुसार नगरपालिका भित्रको टहरा, घर, ग्यारेज कम्पाउण्ड, वाल आदि निर्माण कार्यको नक्सा पास गर्दा तोकिएको दरमा दस्तुर घर नक्सापास दस्तुर असुल उपर गरिने व्यवस्था गरेको छ ।कार्यालयले यो वर्ष यस शिर्षकमा रु ६७लाख अनुमान गरेकोमा रु.४५लाख ६ हजार असुल गरेको छ ।पालिकामा रहेको २०७५ देखि २०७९ आषाढ मसान्तसम्मको नक्सापास अभिलेख निम्नानुसार देखियो भने सो पूर्वका अभिलेख लेखापरीणको क्रममा पेश भएन ।

विवरण	जम्मा
आ.व. ०७५/०७६ देखि ०७८/०७९ निबेदन दर्ता तर इजाजत नलिएको	१७
आ.व.०७८/०७९ मा निबेदन दर्ता तर निर्माण इजाजत नलिएको	२४
आ.व. ०७८/०७९ मा जम्मा घर नक्शा निबेदन दर्ता	२३२
आ.व. ०७८/०७९ मा निर्माण इजाजत लिएको तर सम्पन्न नलिएको	२०८
आ.व. ०७८/०७९ मा जम्मा निर्माण इजाजत लिएको	२०८
आ.व.०७८/०७९ मा जम्मा प्राप्त राजश्व (रु.)	४५,०६,३१९.२५

			आ.व. ०७८/०७९ मा म्याद थप गरेको संख्या — १३	
४१			**राजश्व दाखिला समयमा नगरेको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) अनुसार प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहिदिन र नभए सोको भोलिपल्ट तथा कार्यालय र बैंक विचको दुरी टाढा भएमा महालेखा नियन्त्रक कार्यालयलेतोकेको म्याद भित्र लेखा तयार गरी बैंक दाखिला गर्ने तथा जिन्सीको हकमा ७ दिन भित्र दाखिला गर्नु पर्दछ । यसो नगरेको देखिएमा दफा २८(२) अनुसार सम्वन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलागरेको भए सो जरिवाना र विगो दाखिला गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था भएता पनि यस व्यवस्थाको कार्यान्वयन भएको देखिएन।यसका केहि उदाहरणहरु निम्न छन् । यसमा सुधार हुनु पर्दछ ।	

क.स	असुल गर्ने कार्यालय	दाखिला गर्नेकार्यालय	असुल मिति	बैंकदाखिला मिति	रकम
१	नगर पालिका कार्यालय	नगर पालिका कार्यालय	असुल मितिले ५ दिन	असुल मितिले ५ दिन	असुल मितिले ५ दिन
२	वडा नं २ कार्यालय	वडा नं २कार्यालय	२०७८।१०।१देखि०७८।१०।२९	०७८।११।५	१११०५५।
३	वडा नं ५कार्यालय	वडा नं ५कार्यालय	२०७८।१०।१८देखि २०७८।१०।२९	०७८।११।२	१२९२७२।
४	वडा नं ८कार्यालय	वडा नं ८कार्यालय	२०७८।४।१देखि२०७९।३।३१	२०७९।३।३२	२५१५३७१.
५	वडा नं ९कार्यालय	वडा नं ९कार्यालय	२०७८।४।१देखि२०७९।३।३१	२०७९।३।३२	४४९४७८६.६५
६	वडा नं१कार्यालय	वडा नं १कार्यालय	२०७८।११।१देखि२०७८।११।३०	२०७८।१२।९	१८९९६।

			<table><tr><td>७</td><td>वडा नं ६कार्यालय</td><td>वडा नं ६कार्यालय</td><td>२०७८।८।१देखि२०७८।१०।२९३०</td><td>२०७८।११।४</td><td>२४८४५०।</td></tr></table>	
४२			**आय ठेक्का** पालिकाले यो वर्ष आय ठेक्का तर्फ पूर्वाधार उपयोग सेवा शुल्क १, नदीजन्य पदार्थ संकलन र बिक्री ठेक्का २, विज्ञापन शुल्क १ र बहाल विटौरी ४ गरी जम्मा ८ ठेक्का बन्दोबस्तीको कारवाहि अगाडि बढाएकोमा सवैठेक्का बन्दोबस्त गरी राजश्व असुल गरेको छ ।यस सम्बन्धि पेश भएका श्रेस्ता परीक्षणमा देखिएका व्यहोरा निम्न अनुसार छन्:	
४२.१			राजश्व ठे.न. २।०७८/०७९ विज्ञापन कर बापत यो बर्ष मु.अ.कर सहित रु ४५१०००/- असुल गरेकोमा संघीय राजश्वमा दाखिला हुनुपर्ने मुल्य अभिबृद्धि कर रु ५८६७३ दाखिला भएको नदेखिएकाले उक्त रकम दाखिला गरि सोको प्रमाण पेश हुनुपर्ने रु ५८,६७३ तथा राजश्व ठेक्का नम्बर ५/०७८/०७९ बहाल बिटौरीमा संरक्षण शुल्क असुली ठेक्कामा मुल्य अभिबृद्धि कर सहित रु ३५२१८०। मा ठेक्का लगाएकोमा सो ठेक्कामा दाखिला हुनुपर्ने मुल्य अभिबृद्धि कर रु ४०४६४/- मुल्य अभिबृद्धि कर खातामा दाखिला हुनुपर्नेमा भएको नदेखिएकाले उक्त रकम दाखिलाको प्रमाण पेश हुनुपर्ने रु	९९,१३७
४२.२			ठे.न. राजश्व ३/०७८/०७९ बक्राहा सोल्टी सुनझोडा र नुनसरी खोलाबाट नदिजन्य पदार्थ उत्खननको ठेक्का कबोल गर्ने व्यवसायी पुर्वान्चल कन्स्ट्रक्सन विर्तामोडसंग मुल्य अभिबृद्धि कर बाहेकको न्युनतम कबोल अंक ३४१२४७०७/- कायम गरि ठेक्का बन्दोवस्त गर्दा निजको कबोल अनुसार रु ३४५२५०००/- मा संझौता गरेको छ । उक्त ठेक्काको ०७८/०८/१६ मा भएको संझौता अनुसार २०७८/०८/१७ बाट ०७९ ज्येष्ठ मसान्तसम्म अवधी रहेको छ । संझौता अनुसार निजले कवोल गरेको ठेक्का रकम विभिन्न ३ किस्तामा दाखिला गर्नुपर्ने र तोकिएको मितिमा दाखिला गर्न नसकेमा बार्षिक १० प्रतिशतले हुने ब्याज रकम बुझाउनुपर्ने व्यवस्था संझौताको शर्त नं ११ मा उल्लेख भएकोमा निज व्यवसायीले तेश्रो किस्ता बापतको रु ११७०३९७५। मिति २०७८ चैत्र मसान्त भित्र दाखिला गर्नुपर्नेमा नगरेको कारण नेपाल बंगलादेश बैक मोरङको बैक जमानतबाट २०७९ साल जेठ २३ मा दाखिला गरेकोमा संझौताको शर्त अनुसार ढिला दिन ८२ को बार्षिक १० प्रतिशतले हुने ब्याज असुल गरेको नदेखिएकाले उक्त रकम असुल गरि राजश्व दाखिलाको प्रमाण पेश गर्ने रु.	२६२,९३८
४३			**कार्यस्वीकार प्रतिवेदन** भौ.नं. २१ र १८६ (न पा पुंजीगत) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा उल्लेख भए अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तथा सेवाहरुको सम्झौतामा उल्लेखित प्राविधिक स्फेशिफिकेशन अनुसार भए नभएको निरीक्षण गर्नुपर्ने तथा नियम ११७ मा उल्लेख भए अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले कम्प्युटर प्रिन्टर लगायतका समान खरिद, मर्मत तथा सर्भर अपडेट बापत सोलुसन कम्प्युटर सप्लायर्सलाई रु. ८६३१९१ खर्च लेखेकोमा नियमानुसार कार्यस्वीकार प्रतिवेदन तयार गरेको	

			देखिएन ।	
४४			**मावाखोलाको नदिजन्य पदार्थको ठेक्का** मावा खोलाको नदिजन्य पदार्थ उत्खनन (ठेक्का नं रा ४/०७८/०७९) वाट नदीजन्य पदार्थ विक्री गर्न न्युनतम कबोल अंक मुल्य अभिबृद्धि कर बाहेक रु ११७३४७३३.०६ कायम गरि ठेक्का वन्दोवस्त गर्दा व्यवसायी जे एन्ड जे निर्माण सेवाले मुल्य अभिबृद्धि कर बाहेक रु १७०५०५०७ मा कबोल गरि २०७८/०९/01 मा ०७८/०९/०९ बाट लागु हुने गरि २०७९ जेठ मसान्त सम्मको लागि ठेक्का स्वीकार गरि संझौता गरेको छ । यससम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन ।	
४४.१			तालुक निकायको निर्देशन कार्यान्वयन मावाखोलाको नदिजन्य पदार्थको ठेक्कामा जिल्ला समन्वय समिति मोरङ्गको च.न. ४२३/०७९/१/१५ को पत्रबाट उत्खनन गर्न पाउने परिमाण भन्दा बढी उत्खनन गरेकोले उत्खनन कार्य नगर्न नगराउन अनुरोध गरेको देखियो ।यसरी गरेको अनुरोधमा पालिकाले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ ले तोकेका अनुगमनकारी व्यवस्था र संझौताको पालना नगरेको अवस्थामा अनुगमनकारी निकायले दिएको निर्देशन पालना गरेको प्रमाण पेश भएन ।यस अवस्थामा बातावरणमा परेको असर, अधिक उत्खननको परिणामवाट असुल नभएको राजस्व, मेशिनरीको प्रयोगवाट परेको असर, स्टकको अवस्था र आर्थिक ऐन २०७८ मा भएको दर परिवर्तन प्रति घन फिट १० मा असुल हुनु पर्ने राजश्व तथा यसवाट असुल हुने रकममा असुल गरे अनुसार छ भनि आश्वस्त हुन सकिएन ।अतः यसमा तालुक निकायको निर्देशन अनुसार काम कारवाहि भएको र सो वाट असुल हुनु पर्ने राजश्वमा कुनै नोक्सानी भए नभएको छानविन गरि नियमानसार को राजश्व एकिन गरि सोको एकिन प्रमाण पेश गर्ने रु.	१७,०५०,५०५
४४.२			ढिला गरी राजश्व दाखिला गरेको संझौताको शर्त नं ११ अनुसार तोकिएको किस्ता अवधी माघ र चैत्र मसान्तमा किस्ता दाखिला नभएमा बार्षिक १० प्रतिशत ब्याज लाग्ने व्यवस्था भएतापनी निज व्यवसायीको किस्ता रकम रु १०२३०६०५/- नेपाल बंगलादेश बैकको जमानतबाट २०७९ जेठ १० मा बैक दाखिला भएकोमा दोश्रो किस्ताको रु ५८५६८५०/- तथा तेश्रो किस्ताको रु ५८५६८५०/- क्रमश ९९ र ३९ दिन ढिलागरि दाखिला गरेकोमा सोमा संझौता अनुसार ब्याज असुल नगरेको रु	२२१,४३७
४४.३			पालिकाबाट रसिदको भिडान तथा विवरण सत्यापन उल्लेखित ठेक्काहरुमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा रसिद प्रमाणित गरि उपलव्ध गराएता पनि सोको भिडान र विवरण लिने र सो	

			अनुसार भए नभएको अनुगमन भएको देखिएन ।	
४४.४			आय ठेक्कामा मूल्यअभिबृद्धि कर आय ठेक्का लगाउँदा मुल्य अभिवृद्धिकर ऐन २०५२ दफा १५(३) अनुसार मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने व्यवस्था रहेको छ ।संझौता अनुसार निज व्यवसायीले ४०-३०-३० गरि तिन किस्तामा दाखिला गर्नुपर्ने रकममा पहिलो किस्ता र आयकर तथा मुल्य अभिबृद्धि कर संझौता बखत नै दाखिला गरेकोमा दोश्रो र तेश्रो किस्ता बापतको रकम दाखिला गर्दा सोमा लाग्ने प्रत्येक किस्ता रकम रु ५११५१५२ को १३ प्रतिशत ले हुने मुल्य अभिबृद्धि कर रु ६६४९७० को दुइ किस्ताको हुने रु १३२९९४०/- मुल्य अभिबृद्धि कर दाखिला गरेको नदेखिएकाले उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु	१,३२९,९४०
४४.५			**अनुगमन** ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९मा व्यवसायीले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम नराखेको, मापदण्डको अनुसूचि ५ अनुसारको चेक लिस्ट प्रयोग गरि समन्वय समिति र पालिकाबाट अनुगमन नभएको पाईयो ।उल्लेखित प्रमाणको अभावमा ती ठेक्कावाट तोकिएको परिणाममा उत्खनन तथा राजस्व असुली र वातावरणिय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भएकोमा नियमानुसार भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्मेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो ।	
४५			**सामुदायिक वनको आय** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख)१ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा रहेको अभिलेख अनुसार ९ वटा सामुदायिक वन रहेकोमा ६ वटा सामुदायिक वनले यो वर्ष ११लाख ७५ हजार दाखिला गरेको देखियो भने ३ वटा सामुदायिक वनले कुनै रकम दाखिला गरेको देखिएन । कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत रुपमा कुनै नीति तथा कार्ययोजना नबनाएको अवस्था देखिएकोले यो क्षेत्रको वास्तविक आय प्राप्त भएकोमा यकिन हुन सकिएन । यसमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुपर्दछ ।	
४६			**प्रतिवेदन पेश नभएको** (२०४ पालिका पुँजीगत) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा त्यस्तो रकम भुक्तानी गर्न आवश्यक विल, भरपाई, कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार	२९२,९१९

			भुक्तानी दिनका लागि रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उर्लाबारी बहुमुखी क्याम्पस लाईब्रेरी हल निर्माण उर्लाबारी नगर कार्यपालिका तथा कार्यालयको कर्मचारी भवन आवास निर्माण कार्यको डिपिआर तयार गर्न क्वेष्ट इन्जिनियरिङ प्रा लि संग रु. ११२१५२५ (मू अ कर सहित) मा सम्झौता गरेकोमा Soil test प्रतिवेदनको रु. १८६४५० तथा Geotech Engineer को पारिश्रमिक बापतको रकम रु. १०६४६९ गरी कूल २९२९१९ खर्च भएको छ । Soil Test प्रतिवेदन पेश नभएको उक्त प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	
४७			**क्याटलग सपिङ** क्याटलग सपिङ कार्यविधि, २०७४ को बुँदा नं ६ अनुसार कुनै मालसामान उत्पादन गर्ने कम्पनी त्यस्तो मालसामानको थोक मूल्य तथा सुविधा सम्बन्धित कम्पनीको वेवसाइट वा ब्रोसरमा सार्वजनिक गरेको आधारमा थप हुन सक्ने छुट तथा सुविधाका आधारमा न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाता छनोट गर्नुपर्ने उल्लेख छ । पालिकाले यसवर्ष क्याटलग विधि प्रयोग गरी सिप्रदी ट्रेडर्सबाट रु १६००००० मा सब बहान खरिद गर्दा थोक मूल्य ब्रोसरमा उल्लेख भएको देखिएन । कार्यविधिमा उल्लेख भए बमोजिम प्रतिस्पर्धाको आधार तयार गर्नुपर्ने तथा खरिद प्रकृया पालना हुनुपर्ने देखिन्छ ।	
४८			**आन्तरिक लेखापरीक्षणतर्फका व्यहोराहरु**	
४८.१			सैद्धान्तिक व्यहोराहरु स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढगंबाट सम्पादन गर्न र वित्तीय प्रतीवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमाः नगरपालीकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नु पर्दछ।पालिकाको आन्तरिक नियन्त्रणको अवस्था सम्बन्धमा देखिएका मुख्य व्यहोराहरु निम्नअनुसार देखिन्छ । -यसका साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाइ मेशिन औजार उपकरणहरुको आबश्यक नपर्ने श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको तथा दश लाख भन्दा माथीको निर्माण कार्यको ल्याब टेस्ट तथा बिमा गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । - विभिन्न विद्यालयहरुलाई अनुदान निकासा भएकोमा खर्च रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुदान रकमको अनुगमन भएको देखिएन । -एक लाख रुपैया भन्दा माथिको सोझै खरिद गर्दा लागत अनुमान तयार नगर्ने गरेको ।	

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>असुल गर्नुपर्ने
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियमको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा वास्तविक कार्यसम्पन्न तथा पेश भएको विल भरपाई भन्दा बढी भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>242 न पा पुंजीगत</td><td>धिमाल महाराज ग्रामथान निर्माण उपभोक्ता समितीलाइ जम्मा मुल्यांकन कायम ३२००१६ मा जनसहभागीताको रकम ३२५०० कटाएर रु २८७५१६ भुक्तानी हुनुपर्नेमा रु २९०८०८ भुक्तानी भएकोले बढी भुक्तनी रकम असुल गरि दाखिला गर्ने रु. ३२९२।</td><td>३२९२</td></tr>
</table></td><td>३,२९२</td></tr>
<tr><td>४८.३</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्ने
आर्थिक कार्यवीधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अगि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले देहायको भुक्तानी दिदाँ आवश्यक विल भरपाई तथा प्रमाण कागजात संलग्न नदेखिएकोले सो को प्रमाण पेश हुनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१०३ विपदतर्फ</td><td>वडा नं १ को असिना पिडितका लागि जस्ता पाता खरिद बापतको रकम भुक्तानी भएकोमा लागत अनुमान तयार गरे नगरेको , कार्यसम्पन्न प्रतिवेदन</td><td>२९०१०४</td></tr>
</table></td><td>२९०,१०४</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>करार कर्मचारी सञ्चयकोष
नेपालको संविधान २०७२ को धारा २२७ मा पालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ भन्ने</td><td>७४२,६५९</td></tr>
</table>

			व्यवस्था रहेको छ । प्रदेश नं. १ मा स्थानीय तहमा कर्मचारीको व्यवस्थापन सम्बन्धि प्रदेश कानुन स्वीकृत भई लागु भएको पाइएन । नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । यस पालिकाले कार्यपालिका बैठकको निर्णयको आधारमा अस्थाई तथा करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोहि वरावरको रकम कार्यालयको तर्फ बाट थप गरी सञ्चयकोषमा जम्मा गरिने व्यवस्था गरेको पाइयो । सोहि निर्णयको आधारमा यो वर्ष पालिकाले अस्थायी र करार तर्फ का २६ जना कर्मचारीको लागि सेवा अवधि ३ वर्ष पुगे पश्चात सञ्चयकोष बापत १० प्रतिशत बापत रु. ७४२६५९/-थप खर्च गरेको छ । यसरी ऐन कानूनमा व्यवस्था नभएको सेवा सुविधा प्रदान गरी खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको रु.	
५०	११५ ३	२०७ ९-३- २५	**कर्मचारी प्रोत्साहन** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरेको पाइएन । पालिकाले ०७९।२।११ को च. नं. ४०८१ मा विभिन्न स्तरका कर्मचारीलाई प्रोत्साहन भत्ता दिन सक्ने आदेश अनुसार यस वर्ष १० जना कर्मचारीहरुलाई नगर सभा तथा बजेट निर्माणमा अतिरिक्त कार्य गरेको भनी १ महिनाको तलब भत्ता रकम प्रोत्साहन स्वरुप रु. ३५९३९०/- खर्च लेखेको पाइयो । पालिकाले यस अवधिमा गरेको अतिरिक्त कार्यहरुको कार्यविवरण तथा लिखित हाजिर प्रमाणित गरी खर्च गरेको भएतापनी पालिकाले कार्यविधि बनाई खर्च नियन्त्रण तथा मितव्ययी बनाउनु पर्दछ ।	
५१			**करार कर्मचारी महंगी भत्ता** सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा पालिकाले दरबन्दी भित्र रहेका करार तर्फका ३८ जना कर्मचारी, स्वास्थ्य तर्फका १७ जना कर्मचारी र दमकल तर्फका ९ जना कर्मचारी समेत गरी कुल ६४ जना कर्मचारी सँग करार सम्झौतामा उल्लेख गरी महंगी भत्ता वापत यस वर्ष रु. १५६१२००/- खर्च भुक्तानी गरेको छ। यसरी परिपत्र विपरित करार सम्झौतामा समावेश गरी महंगी भत्ता भुक्तानी गर्नु नियमसम्मत देखिएन ।	
५२	२२	२०७ ८-६-	**कर कट्टी** आयकर ऐन, २०५८ को दफा ८८ मा भत्ता भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोरोना	२९,३९३

२५ महामारीमा फ्रन्ट लाईनमा खटिएको कर्मचारीहरुको प्रोत्सहन स्वरुप जोखिम भत्ता दिने सातौं नगरसभाको निर्णय बमोजिम देहायअनुसारका कर्मचारीहरुलाई खाइपाई आएको तलब भत्तामा ५० प्रतिशत भत्ता खटिएको दिनको भत्ता भुक्तानी गर्दा आयकर ऐन बमोजिम १५ प्रतिशत कट्टी नगरी १ प्रतिशत मात्र कट्टी गरेको पाइयो । ऐनमा व्यवस्था भए बमोजिम घटी कर रकम असुल गर्नुपर्ने रु.

क्र. स.	कर्मचारीको नाम	भत्ता भुक्तानी	कट्टी गर्नुपर्ने कर	कट्टी भएको कर	अपुग कर
१	समिक्षा खतिवडा	२५०३२	३७५५	२५०	३५०४
२	सोनि सुब्बा लिम्बु	२९६६८	४४५०	२९७	४१५४
३	इसा श्रीपाली	२९६६८	४४५०	२९७	४१५४
४	राजकुमार पोखेल	२८८७०	४३३१	२८९	४०४२
५	रोजिना धिमाल	२७१२०	४०६८	२७१	३७९७
६	सृजना नेपाल	२५७८३	३८६७	२५८	३६१०
७	सुनुलाल धिमाल	१८१३५	२७२०	१८१	२५३९
८	रामबहादुर राउत	२५६६७	३८५०	२५७	३५९३
	जम्मा				२९३९३

५३ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा यस वर्ष रु. ५१२२७९३/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण

			गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।	
५४			**सूचना प्रकाशन खर्च** विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु. ७४०४२७६/- खर्च गरेकोमा उक्त मिडिया फर्महरुले न्युन छुटको व्यवस्था मात्र गरेको पाइयो । सुचना प्रकाशन गर्दा प्रकाशनको आकार र दर रेट माग गरी प्रतिस्पर्धात्मक तवरले सुचना प्रदायक छनौट गर्नुपर्नेमा सो अनुसार भए गरेको पाइएन । साथै सुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाइ भुक्तानी दिने कामलाई निरुत्साहित गर्दै सुचना प्रकाशनको खर्चलाई मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
५५	६००	२०७८-१२-१३	**खेलकुद कार्यक्रम** कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । पालिकाले उर्लाबारी फुटबल क्लबलाई विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न रु. १२५००००/- खर्च गरेकोमा उक्त प्रतियोगिता सञ्चालनमा भएको खर्चहरुलाई प्रमाणित गर्ने कागजपत्रहरु संलग्न नगरी सोझै खर्चको विभिन्न टुक्रे बिल पेश गरी भुक्तानी भएको पाइयो । कार्यक्रम सञ्चालन गरे पश्चात खर्चको सार्वजनिकिकरण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो बमोजिम नभएको । उक्त कार्यक्रममा खरिद भएका सामग्रीहरुको जिन्सी दाखिला तथा खर्चको अभिलेखांकन समेत गरेको पाइएन । तसर्थ खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन नसकेको रु.	१,२५०,०००
५६			**गैर सरकारी संस्था मार्फत कार्यक्रम** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिम सञ्चालन गर्नका लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । उदाहरणको लागि देहाय बमोजिम	

			रहेका छन् ।	

भौ नं.	सेवा प्रदायक	कार्यक्रम विवरण	भुक्तानी रकम
५७७	वातावरण संरक्षण तथा सामाजिक रुपान्तरण समाज	मेयर सँग हरित नगरी कार्यक्रममा वृक्षरोपण	४९३९२३
१००६	नेपाल आदिवासी जनजाती महासंघ	फुड फेस्टिभल सञ्चालन	४०००००
१०५४	महिला उत्थान मञ्च नेपाल	सिलाई कटाई तालिम	१३७४७५
१०७४	अपाङ्गता भएका व्यक्तिहरुको समुह	व्यवसाय प्रवर्द्धन गर्न बाख्रा बंगुर पाठा वितरण	५०००००
१०७५	दलित उत्थान कार्यक्रम	ढाका बुनाई तालिम	१०००००
१०८९	उर्लाबारी युवा क्लब	लागु औषधी विरुद्ध जनचेतनामुलक तालिम	१०००००
१११४	नेपाल साहित्य समाज	वाल साहित्य प्रशिक्षण कार्यक्रम	२०००००

५७			**भ्रमण खर्च** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ। यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्च रु. १५८३७८७/- भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन । साथै पालिकाले भ्रमण अभिलेख खाता अद्यावधिक गरी राखेको पाइएन । पालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ ।	

५८			**सभा सञ्चालन खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष नगर सभा सञ्चालनमा भत्ता वितरण बाहेक खाना, खाजा, चिया, नास्ता, ब्याग खरिद लगायतको भुक्तानीमा रु. ६४५९००/- खर्च गरेको छ । यस्तो खर्चमा मित्वययीता कायम गर्नु पर्दछ ।	
५९	१०४ २	२०७ ९-३- २०	**अग्रीम कर** आयकर ऐन, २०५८ को दफा ८७ मा भुक्तानी गर्दा अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वोरिङ्ग जडान उपभोक्ता समितिलाई ५ वटा वोरिङ्ग जडान गर्न रु. १९५६९२/- भुक्तानी गरेकोमा रु. ३००३/- कट्टी गर्नुपर्नेमा रु. ६६६/- मात्र कट्टी गरेको पाइयो। ऐनमा व्यवस्था भए बमोजिम कर कट्टी गर्न बाँकी रकम रु. २३३८/- असुल गरी दाखिला गर्नुपर्ने रु.	२,३३८
६०			**इन्धन कोटा निर्धारण** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष पदाधिकारी इन्धनमा रु. ११५८३३२/-, कार्यालय प्रयोजनमा रु. १४१५७२२/- र वरुणयन्त्र व्यवस्थापनमा रु. २७५४७७/- समेत कुल रु. २८४९५३१/- इन्धन खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । साथै पालिकाको इन्धन खर्चको लगबुक परीक्षण गर्दा पत्रकार, ट्राफिक प्रहरी, भाडाको गाडी, इलाका प्रहरी कार्यालय समेतलाई इन्धनको कुपन काटी खर्च लेखेको छ । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौंट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।	
६१			**मर्मत खर्च** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. १६८२९३२/- र मेशिनरी औजार मर्मतमा रु. २६३३६००/- खर्च गरेकोमा अधिकांश	

			सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । साथै अन्य निकाय समेतको मर्मत खर्च व्यहोरेको पाइयो । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।	
६२			**कानूनी परामर्शदाता नियुक्ती** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले पालिका अन्तर्गतका कानूनी परामर्श तथा न्याय सम्पादनमा सहजीकरण गर्न एक जना कानूनी परामर्शदाता इन्द्रकुमार लुईटेललाई मासिक रु. ४१२९१/- भुक्तानी दिने सम्झौता गरेको छ । पालिकाले उक्त परामर्शदाताले कार्यक्षेत्रगत शर्त र कार्यविवरण अनुसार सम्पादन गरेको कामहरु प्रमाणित नगरी खर्च लेखेको पाइयो । पालिकाले उक्त परामर्शदाताले सम्पादन गरेको कार्यविवरण प्रमाणित गरी पेश गर्नुपर्ने रु.	४९५,५००
६३			**राजस्व सुधार कार्ययोजना** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, नियम १२ अनुसार सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले बजेट व्यवस्था भई कार्यान्वयन हुने सुनिश्चित भएका आयोजनाहरु आवश्यक्ताको आधारमा परामर्श सेवा खरिद गर्नुपर्दछ । नगरपालिकाले यो बर्ष राजश्व सुधार कार्ययोजना २०७९ परामर्शदाता स्मार्ट टेक नेपाल प्रा.लि. मार्फत तयार गरी रु. ४,९४,९४०।— खर्च गरेको छ । पालिकाले उक्त परामर्श खरिदको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । साथै पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने स्पष्ट कारण समेत जनाएको पाइएन । परामर्सदाताबाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा छलफल गरी अन्तिम प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसार भएको एकिन गरेर मात्र सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै २०७९ बैशाखमा पेश भएको उक्त कार्ययोजनाको अन्तिम प्रतिवेदन नगर कार्यपालिका तथा सभामा पेशभई छलफल तथा आवस्यक संशोधन अनुमोदन गरि कार्यान्वयन गरेको देखिएन । उक्त कार्ययोजनाको अध्ययन गर्दा पालिकाको आगामी ५ बर्षको आन्तरिक आय प्रक्षेपण गरेको देखियो । उक्त प्रक्षेपणमा साविकमा पालिकाले पहिचान गरेका शिर्षक/क्षेत्र भन्दा कुनै नयाँ आन्तरिक आयका क्षेत्र/शिर्षक पहिचान र सुझाव समावेश नभएको र हालको राजश्व शिर्षक र अनुमानमा निश्चित प्रतिशत वृद्धिका आधारमा मात्र निम्नानुसार प्रक्षेपण गरेको देखियो । <table><tr><td>सि.नं.</td><td>आर्थिक बर्ष</td><td>रकम रु.हजारमा</td></tr><tr><td>१</td><td>०७९/८०</td><td>६३१४०</td></tr></table>	

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२</td><td>०८०/८१</td><td>६९४५४</td></tr><tr><td>३</td><td>०८१/८२</td><td>७६३९९</td></tr><tr><td>४</td><td>०८२/८३</td><td>८४०३९</td></tr><tr><td>५</td><td>०८३/८४</td><td>९२४४३</td></tr></table>उक्त कार्ययोजना नगर कार्यपालिका तथा नगर सभामा छलफल तथा सुधारका विषय वस्तु समावेस गरि अनुमोदन गराई कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>रोजगार प्रोफाईल तयारी तथा तरकारी खेती तालिम
सार्वजनिक खरिद नियमावली, नियम १२ अनुसार सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिमको मौजुदा सुचिमा रहेकको परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले परामर्श सेवा खरिद गर्दा त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्नेमा कार्यलयकै जनशत्तिबाट गरिन सकिने बेमौसमी तरकारी खेती तालिम समेत कार्यपालिका निर्णयको आधारमा नियमावलीको व्यवस्थाको पालना नगरी सेवा प्रदायक सगरमाथा सामुदायिक विकाश केन्द्रमार्फत सोझै गराई रु. ४६६३७९/- खर्च लेखेको छ । त्यस अतिरिक्त पालिकाले सोही सेवा प्रदायकलाई नगर स्तरिय रोजगार प्रोफाईल निर्माण गर्न लगाई रु. ३७७११०/- भुक्तानी गरेको छ । पालिकाले यसरी रोजगार प्रोफाईल तयार गर्ने कार्य सोझै परामर्शदाताबाट गराएकोमा सो प्रोफाइल जिन्सीमा आम्दानी समेत जनाएको पाइएन । उक्त कार्यक्रममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाइयो । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना नगरी सेवा प्रदायकसँग सम्झौता समेत नगरी कार्यपालिका निर्णयको आधारमा उल्लेखित खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.</td><td>८४३,४८९</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>कर्मचारी स्तरवृद्धि
नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था रहेको छ । संविधानको व्यवस्था बमोजिम स्थानीय तहमा कर्मचारी सम्बन्धी संघीय तथा प्रदेश कानून हाल सम्म निर्माण भई लागु भएको छैन । पालिकाले उर्लाबारी नगरपालिकाको कर्मचारीहरुको तह तथा स्तरवृद्धि सम्बन्धमा व्यवस्था गर्ने ऐन, २०७८ को व्यवस्था गरी सोही ऐनको दफा ३ बमोजिम सेवा अवधि कम्तिमा</td><td>३५५,९०७</td></tr>
</table>

४ वर्ष भएको, तोकिएको शैक्षिक योग्यता पुरा गरेका र विभागीय कारवाहीमा नपरेका तथा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तह तथा स्तरवृद्धि नभएका साविक उर्लाबारी गा.वि.स./ उर्लाबारी नगरपालिकामा स्थायी नियुक्ति पाई कार्यरत रहेका देहायका ११ जना कर्मचारीहरुलाई एक पटकको लागि एक तह माथिको पदमा २०७८।५।८ देखि लागु हुने गरी तह तथा स्तरवृद्धि गरी मिल्दो सेवा समुहको पदमा समायोजन गरी पदस्थापन गर्ने निर्णय नगरपालिका प्रमुख द्वारा सदर गराएको पाइयो । पालिकाले संघीय तथा प्रदेश कानूनको अभावमा स्थानीय ऐन बनाई लोक सेवा आयोगको परामर्श बेगर तह वृद्धि तथा समायोजन गरि कर्मचारीको तलब भत्ता खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

कर्मचारीको नाम	साविक पद र तह	माथिल्लो पद र तह	तहबृद्धि भएपश्चात बृद्धि भएको कुल तलब
राजेन्द्र थापा	सब-इन्जिनियर पाँचौ	अधिकृत छैठौ इन्जिनियर	६६३१६
बाल कुमारी बराल	अ.स.ई. चौथो	सब-इन्जिनियर पाँचौ	२८३०३
राम प्रसाद गड्तौला	अ.स.ई. चौथो	सब-इन्जिनियर पाँचौ	२८५५९
चित्रा कुमारी बस्नेत	सहायक चौथो	सहायक पाँचौ	२८०३९
सम्झना थापा	सहायक चौथो	सहायक पाँचौ	२९६२३
कबिता ढुंगाना	सहायक चौथो	सहायकपाँचौ	२९६२३
सरिता कटुवाल	सहायक चौथो	सहायक पाँचौ	२९६२३
पवन नेपाल	सहायक चौथो	सहायक पाँचौ	२९६२३
कर्ण बहादुर बि.सी.	अमिन चौथो	सर्भेक्षक पाँचौ	२९६२३
सिर्जना नेपाल	सहायक दोस्रो स्तर	सहायक तेस्रो स्तर	२९४०२
उर्मिला डुम	सहायक प्रथम स्तर	सहायक दोस्रो स्तर	२७१७३
	जम्मा		३५५९०७

६६			**निजी सचिव** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा नगरपालिकाको प्रमुख तथा उपप्रमुखले कार्यालय प्रयोजनका लागि कार्यालयको राजश्व, आन्तरिक आय एवं कार्यबोझ समेतलाई ध्यानमा राखि १ जना कर्मचारी निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । कार्यालयले कार्यपालिकाको बैठक समेतबाट निर्णय गराई निजी सचिवको रुपमा २ कर्मचारी नियुक्त गरी तलब भत्ता, चाडपर्व खर्च बापत बैशाख मसान्त सम्म रु. ३६८५०९/- खर्च लेखेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार १ जना कर्मचारीलाई मात्र निजी सचिवको रुपमा राख्न सकिने हुँदा बढी राखेको १ जनाको पारिश्रमिक रु. १८२३२२/- कार्यालयलाई थप व्ययभार पर्न गएको व्यहोरा उल्लेख भएकोमा छलफलका क्रममा पालिकाले उक्त सहयोगी उर्लाबारी नगरपालिका कार्यसञ्चालन निर्देशिका तथा नमुना कानूनमा पेश भएको आधारमा भुक्तानी भएको कुरा उल्लेख गरिएको पाइयो । पालिकाले यस प्रकारका थप व्ययभार हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।	
६७			**सुत्केरी पोषण कार्यक्रम** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १४ मिति २०७८।५।१५ को परिपत्रमा सामाजिक सुरक्षा र गरिवी निवारण विषय संघको अधिकार सूचीभित्र रहेकोले यस्ता समानान्तर थप कार्यक्रम सञ्चालन नगर्न नगराउन अनुरोध भएको देखिन्छ । सर्शत स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । त्यस अतिरिक्त पालिकाले यस वर्ष सुत्केरी पोषण सुविधा बापत मापदण्ड समेत तयार नगरी चालु शिर्षक अन्तर्गत बजेट विनियोजन गरी रु. ८९९४२४/- खर्च गरेको छ । पालिकाको यस्ता वितरणमुखी प्रकृतीका कार्यक्रम सञ्चालन गर्दा पालिकालाई व्ययभार बढेको देखिन्छ । पालिकाले आन्तरिक आय समेतको विश्लेषण गरी यस किसिमका पटके राहत स्वरुप नगद वितरण कार्यक्रम भन्दा दिर्घकालिन रोजगारी अभिवृद्धि तथा आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाले ध्यानपुर्याउनु पर्ने देखिन्छ ।	
६८	३३०	२०७८-९-२१	**मदन भण्डारी प्रतिष्ठान घुम्तीकोष** कार्यालयले स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । विल भरपाई संलग्न नगरी विभिन्न व्यक्ती तथा संघ संस्थालाई अनुदान दिएकोमा सोको समुचित उपयोग भए नभएको कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन संलग्न गर्नु पर्दछ । पालिकाले मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी सँग सम्झौता गरी पालिका अन्तरगतका लक्षित वर्गका छात्रछात्राहरुलाई नगरपालिकाको सिफारिस अनुसार शैक्षिक उपहार/ऋृण कार्यक्रमबापत अध्यापन गराउनको लागि घुम्ती कोष स्थापना गर्न रु. ५०००००/- अनुदान मार्फत उपलब्ध गराएको छ । पालिकाले उक्त कार्यक्रम अन्तरगत लक्षित वर्गका छात्रछात्राहरु सिफारिस भए गरेको पाइएन साथै कोषको कोष स्थापना भए नभएको सोको सम्बन्धमा अनुगमन गरि कोषको परिचालन स्थितीको अवस्थाको जानकारी प्राप्त भएको देखिएन । पालिकाले गत विगत देखि यस कोषमा अनुदान उपलब्ध गराइएकोमा सो कोषको परीचालन भई अनुदानको समुचित उपयोग भए नभएको एकिन गर्नुपर्ने रु.	५००,०००
६९	५९४	२०७	**कार्यक्रममा एकरुपता**	

<table>
<tr>
<td></td>
<td></td>
<td>८-
१२-
९</td>
<td>स्वीकृत कार्यक्रम अनुसार लागत सहभागिता जुटाउनु पर्ने कार्यक्रमहरुमा कृषकहरु बाट तोकिए बमोजिम सहभागिता बराबरको रकम असुल गरी बाँकी सहभागिताको अंश मात्र कार्यालयबाट अनुदान स्वरुप खर्च लेख्नु पर्दछ । पालिकाले यस वर्ष पालिका स्तरिय कृषि कार्यक्रम तर्फ उपकरण तथा औजार वितरण गर्दा ७५ प्रतिशत अनुदान दिई २५ प्रतिशत लागत सहभागित व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गरेकोमा वडा मार्फत सोही प्रकृतीको च्यापकटर वितरण कार्यक्रमहरु सञ्चालन गर्दा कृषकहरु बाट व्यहोर्नुपर्ने लागत सहभागिता नलिई कार्यक्रमको पुरै खर्च कार्यालयबाट लेखिएको पाइयो । पालिकाले एकै प्रकृतीको कार्यक्रम फरक फरक ढंगबाट सञ्चालन गर्ने गरेकोमा कार्यविधी तयार गरी अनुदान वितरण कार्यक्रमलाई सहभागीतामुलक बनाई कार्यक्रम सञ्चालनमा एकरुपता ल्याउनुपर्ने देखिन्छ । यसका उदाहरण निम्नानुसार छन्:

<table>
<tr><td>भौ नं. र मिति</td><td>विवरण</td><td>अनुदान प्रतिशत</td></tr>
<tr><td>५९४-०७८।१२।९</td><td>च्यापकटर वितरण</td><td>१००</td></tr>
<tr><td>११४१-०७९।३।२५</td><td>च्यापकटर वितरण</td><td>७५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७०</td>
<td></td>
<td></td>
<td>अन्य निकायको खर्च
पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । नगर सभा द्वारा शान्ति सुरक्षा व्यवस्थापन सहयोग खर्च भन्ने शिर्षकमा बजेट विनियोजन गरी पालिकाले इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल लगायतका सरकारी कार्यालयहरुलाई निवेदनको आधारमा पटक पटक सवारी साधन मर्मत, इन्धन बिल लगायतका खर्चको बिल भरपाई पेश गरी रु. १०३९९३२/- भुक्तानी दिएको छ । यसरी अन्य कार्यालयको लागि गरिएको खर्चले पालिकाको कार्यक्रम र सो को कार्यान्वयन पक्षसमेत मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । बजेट व्यवस्था भई सञ्चालित कार्यालयहरुको खर्च पालिकाले समेत गर्दा खर्चमा दोहोरो पन भए नभएको एकिन गर्न सकिएन । अन्य सरकारी कार्यालयहरुको खर्च ति तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर बजेटमै व्यवस्था गरी पालिकाबाट खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>७१</td>
<td></td>
<td></td>
<td>पावर ट्रिलर खरिद
भौ.नं. ९ (कृषि पुँजीगत) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालय र उपभोक्ता समितिबीच २० एच पी को पावर ट्रिलर खरिद (७५ प्रतिशत अनुदान) वितरण गर्ने कार्यक्रमको सम्झौताको बुदाँ नं १५ मा उल्लेख भए अनुसार खरिद गर्दा विभिन्न सप्लायर्सबाट दररेट प्राप्त गरी न्यून मूल्यांकित फर्मबाट मापदण्ड अनुसारको उपकरण खरिद गर्नुपर्ने</td>
<td>१,४५१,२५०</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>उल्लेख रहेकोमा सो को पालना नगरी ९ थान पावर ट्रिलर खरिद गरी रु. १४५१२५० खर्च गरेको देखियो । प्रतिस्पर्धा बेगर खरिद गरेको नियम संगत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं</th><th>फर्म/सप्लायर्स</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३७ पालिका पुँजीगत</td><td>जय श्री कंक्रिट उद्योग प्रा.लि.</td><td>ह्युम पाईप खरिद</td><td>१२०९७८७</td></tr>
<tr><td>४७६ पालिका पुँजीगत</td><td>जय श्री कंक्रिट उद्योग प्रा.लि.</td><td>पत्रिकामा विक्री मूल्य प्रकाशित गरेको दररेटमा ह्युम पाईप खरिद</td><td>२४६३०८३</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३६७२८७०</td></tr>
</table></td><td>३,६७२,८७०</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>टुक्रे खरिद
कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरुले यो वर्ष समान प्रकृतिको कामलाई टुक्र्याएर बाटो मर्मत गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.</td><td>४,२५३,१३३</td></tr>
</table>

गो.भौ.नं	फर्म/सप्लायर्स	विवरण	भुक्तानी रकम
५७ मर्मत संभार कोष	युगल कन्सट्रक्सन	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं ७	३३९१११
५८ मर्मत संभार कोष	एस के पी डि निर्माण सेवा प्रा लि	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं ५	४९५४८२
५९ मर्मत संभार कोष	डि एण्ड आइ कन्सट्रक्सन	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं १	४९६०५९
६० मर्मत संभार कोष	अरुण निर्माण सेवा	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं ३	४८६०२८
६१ मर्मत संभार कोष	रिफर्म कन्सट्रक्सन प्रालि	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं २	४९८७४१
५६ मर्मत संभार कोष	अशु निर्माण सेवा	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं ४	४८२८९२
५३ मर्मत संभार कोष	आयुष निर्माण सेवा	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं ९	४८६१९९
५२ मर्मत संभार कोष	हिमचुली निर्माण सेवा	Supply loose 63 mm down subbase gravel and laying by mechanical means वडा नं ६	४८३४४४
३९ मर्मत संभार	युनिक कन्सट्रक्सन	Supply loose 63 mm down subbase gravel and laying by	४८५१७७

			<table><tr><td>कोष</td><td></td><td>mechanical means वडा नं ८</td><td></td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>४२५३१३३</td></tr></table>	
७४			**ओभरहेड थप गरी भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले देहाय अनुसारको भुक्तानीमा निम्नअनुसार ओभरहेड थप गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु <table><tr><td>भौ नं र मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>परिमाण</td><td>भुक्तानी दर</td><td>ओभरहेडबाहेक भुक्तानी हुने दर</td><td>बढी भुक्तानी</td></tr><tr><td rowspan="3">४७३ पुँजीगत न पा</td><td rowspan="3">मावा खोला तटबन्धन उ स वडा नं ६</td><td>ग्याबिन जाली बनाउने काम</td><td>१७४६</td><td>२०८.६७</td><td>२००.२७</td><td>१४६६६</td></tr><tr><td>बोल्डर फिलिङ</td><td>२४३</td><td>२२७४.७</td><td>२१६०</td><td>२७८७२</td></tr><tr><td>माटो पुर्ने काम</td><td>१०५०</td><td>१८९.५२</td><td>१६४.८</td><td>२५९५६</td></tr><tr><td rowspan="2">३८४ पुँजीगत न पा</td><td rowspan="2">सोल्टीखोला तटबन्धन उ.स. वडा नं ४</td><td>ग्याबिन जाली बनाउने काम</td><td>३६७.२</td><td>२०८.६७</td><td>२००.२७</td><td>३०८४</td></tr><tr><td>बोल्डर फिलिङ</td><td>७५.६</td><td>२२७४.७</td><td>२१६०</td><td>८६७१</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८०२५०</td></tr></table>	८०,२५०
७५			**लागत साझेदारीबेगर उपभोक्ता समितिबाट कार्यगरेको** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । सिद्धान्ततः उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा तोकिएको लागत सहभागिता रकम लिईने हुदाँ काम मितव्ययी पनि हुने तथा लाभग्राहीहरुको अपनत्व समेत सिर्जाना हुने अवस्था रहन्छ । पालिकाले	

नीति तथा कार्यक्रममा विपद् व्यवस्थापन, कल्भर्ट निर्माण, विद्यालय भवन निर्माण लगायतका काममा लागत सहभागीता नपर्ने भनी व्यवस्था गरेको देखियो । उपभोक्ता समितिबाट लागत सहभागिता बेगर कार्य गराउने, प्राविधिक दक्षता आवश्यक पर्ने भवन तथा कल्भर्ट निर्माण लगायतको कार्य गराउने गर्दा काममा मितव्ययीता, गुणस्तरीयता र दीगोपना अभिवृद्धि भएको कुरामा विश्वस्त हुन सकिएन । नियमको पालना हुनुपर्दछ ।

भौ नं र मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	कार्य सम्पन्न	भुक्तानी रकम
३२४।२०७९।२।१३	शिवमार्ग कल्भर्ट निर्माण उ.स. वडा नं ८	६८२५०९	६८२५०९	६८२५०९
१९४।२०७८।११।२९	जरुवापानी कल्भर्ट निर्माण उ स	४८७४९५	४८७४९५	४८७४९५
३२४।२०७९।२।२३	सिर्जना मार्ग स्ल्याब कल्भर्ट निर्माण र कूल भोडा होली कल्भर्ट निर्माण उ.स.	५४०१३९	५४०१३९	५४०१३९
३२९।२०७९।२।१८	देवीस्थान छेउ कल्भर्ट निर्माण उ.स.	४८७४७७	४८७४७७	४८७४७७
४५९।२०७९।३।२५	सन्ठीखाडीमा कल्भर्ट निर्माण उ स	४८७७७०	४८७७७०	४८७७७०
४५८।२०७९।३।२५	नुनसरी आ वि उर्लाबारी १ भवन मर्मत श्री नुनसरी आ वि मर्मत तथा व्यवस्थापन समिति	४८९३१६	४८९३१६	४८९३१६
३७१।२०७९।३।१२	राजघाट आधारभूत विद्यालय भवन निर्माण उ.स.	५००१५९.२७	५००१५९.२७	५०००००
३७०,३६४,३४७	श्री सार्वजनिक मा वि उर्लाबारी घेराबार	५००२३४	५००२३४	५००२३४

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>उ स</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४१७४९४
०</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७६</td>
<td></td>
<td></td>
<td>
उपभोक्ता समितिलाई मू. अ. कर भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।करयोग्य बस्तुहरुको मूल्य अभिवृद्धि कर बिजक पेश भएमा मात्र मू. अ. कर भुक्तानी गर्नु पर्दछ । कार्यालयले लागत अनुमान तयार गर्दा मू.अ. कर समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायको उपभोक्ता समितिलाई मू.अ. कर विजक भन्दा बढी मू.अ. कर भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु.
<table>
<tr><td>भौचर नं र मिति</td><td>कार्यक्रम \ उ.स.</td><td>कामको विवरण</td><td>मू. अ. कर भुक्तानी</td><td>मू. अ. कर बिजक पेश</td><td>बढी मू. अ. कर भुक्तानी</td></tr>
<tr><td>३५४ पुंजीगत न पा</td><td>श्री तेती खोला तटबन्धन उ स वडा नं २ पुरो मंगलबारे पश्चिमटोल</td><td>ग्याबिनमा बोल्डर फिलिङ</td><td>३८८६७</td><td>२१४११</td><td>१७४५६</td></tr>
<tr><td>५३,१९० पालिका पुंजीगत</td><td>खैरेनी मार्गमा सिङ्गल साइडवाल निर्माण कार्य वडा नं ८</td><td>श्रम मूल्यमा भ्याट थप गरी रु ३४६१६४ भुक्तानी</td><td></td><td></td><td>७९८८४</td></tr>
<tr><td>३६ पालिका पुंजीगत</td><td>उर्लाबारी मधुमल्ला सडकबत्ती जडान उ स</td><td>श्रम मूल्यमा भ्याट थप गरी भुक्तानी</td><td></td><td></td><td>४३४६</td></tr>
</table>
</td>
<td>११०,०५५</td>
</tr>
</table>

३६ पालिका पुँजीगत	उर्लाबारी चौक दक्षिण चिउरामिल हुदै बैसाबारी सडक बत्ती कार्यक्रम उ स वडा नं ७	श्रम मूल्यमा भ्याट थप गरी भुक्तानी			४३४६
५९ पालिका पुँजीगत	सडक बत्ती विस्तार उ स	श्रम मूल्यमा भ्याट थप गरी भुक्तानी			४०२३
	जम्मा				११००५५

७७

घटी लागत सहभागिता

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ ।नगरसभाबाट पारित नीति तथा कार्यक्रम अनुसार ड्रेन तथा भवन निर्माणमा १५%, पेभिङमा १५%, तटबन्धनमा १०%, सडक ग्रभेलमा १०% लागत सहभागिता गराई उपभोक्ता समितिबाट कार्य गराउने उल्लेख छ । देहायको काममा घटी जनसहभागिता गरी सम्झौता गरेको देखिएकोले पालिकालाई बढी व्ययभार परेको रु

३८१,३८८

भौ नं र मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	कार्यसम्पन्न	ज स बाहेक भुक्तानी हुने	भुक्तानी भएको	बढी भुक्तानी
४५०।२०७९।३।२४	उर्लाबारी व्याडमिन्टन कभर्डहल निर्माण उ स	९७५३६८	९६६५४६	८२१५६४	९७५८३६	१५४२७२
४७५।२०७९।३।२५	सृजनाटोल तेलीखोला तटबन्धन उ स	८०८२६०	८०८२६०	७२७४३४	८०८२६०	८०८२६
३८४।२०७९	सोल्टीखोला तटबन्धन उ.स.	२९३१९७	२९३१९	२६३८७७	२९३१९७	२९३२०

।३।१६	वडा नं ४		७			
४७३।२०७९ ।३।२५	मावाखोला तटबन्धन उ.स. वडा नं ६ (गोपालचोकपूर्व मावा खोलामा तटबन्धन)	११६९७० ९	११६९७ ०९	१०५२७३ ८	११६९७० ९	११६९७०
	जम्मा					३८१३८८

७८ — १,७२१,०४७

बाटो ग्राभेल कार्यको दररेट

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।कार्यालयले देहायको भुक्तानी दिदाँ विभिन्न बाटोका कार्यका लागि दर विश्लेषणमा सबबेशको दररेट राखेको भएता पनि River Bed Material प्रयोग हुने गरेको देखिएकोले River Bed Material कै दर अनुसार Mechanical Compaction सहित रु. ९५० तथा Natural Compaction को रु . ५९८ ले भुक्तानी हुने देखिन्छ । पालिकाको दर विश्लेषणमा बढी दरले भुक्तानी हुदाँ पालिकालाई बढी व्ययभार परेको देखिएको रु.

भौ नं र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण घ.मि.	परिमाण	भुक्तानी दर	भुक्तानी हुने दर	बढी भुक्तानी
५७पालिका पुँजीगत	शान्ति स्कूल उत्तर उर्लाबारी ४ भुल्केनी मार्ग जोड्ने बाटो ग्राभेल उ.स. वडा नं ४	Gravel subbase with Compaction mechanical	८२६.५	१०७७.६ ४	९५०	१०५४९५
५५ पालिका पुँजीगत	गाईघाट देखि उत्तर आउने बाटो मदन मार्ग सडक ग्राभेल वडा नं ९ उ स	Gravel subbase with Compaction mechanical	८२६.६१	१०७७.६ ४	९५०	१०५५०९
१४७पालि का पुँजीगत	ज्योतिषी टोल सडक ग्राभेल उ स. छड्के टोल देखि मगरटोल सडक सम्म	Gravel subbase with Compaction mechanical	३४२	१४५६.४ १	९५०	१७३१९२

२०५पालि का पुँजीगत	आम्बारी गाईघाट सडक पश्चिम किसान मार्गसम्म सडक ग्राभेल निर्माण उ.स. वडा नं ९	Gravel subbase with Compaction mechanical	३३५.७८	१४५६.४१	९५०	१७००४२
२३७पालि का पुँजीगत	ओभल मार्ग तथा अरुण चौक जोड्ने बाटो ग्राभल उ स	Gravel subbase with Compaction mechanical	३८९.०६	१४५६.४१	९५०	१९३०२४
२७०पालि का पुँजीगत	स्वास्थ्य चौकी जाने बाटो ग्राभेल उ स	Gravel subbase with Compaction mechanical	३६५.२९	१४५६.४१	९५०	१८४९८७
१६२पालि का पुँजीगत	नागेश्वर शिवालय मन्दिर जाने बाटो ग्राभेल उ स	Gravel subbase with Compaction mechanical	३८९.५९	१४५६.४१	९५०	१९७२९२
४०४पालि का पुँजीगत	मितेरीमार्ग ग्राभेल उ.स. वडा ३	Gravel subbase natural Compaction	५४६.६८	९९४.३६	५९८	२१६६८२
२१४ पालिका पुँजीगत	काङसोरे मार्ग चक्रेटोल उ.स.	Gravel subbase natural Compaction	२९४.१५	९९४.३६	५९८	११६५८९
१५७ पालिका पुँजीगत	सरस्वती टोल बाटो ग्राभेल उ स	Gravel subbase with Compaction mechanical	३७१.३४	१४५६.४१	९५०	१८८०५०
६१ पालिका पुँजीगत	सरस्वती मार्ग ग्राभेल निर्माण उ स	Gravel subbase with Compaction mechanical	५४९.८७	१०७७.६४	९५०	७०१८५
	जम्मा					१७२१०४७

<table>
<tr>
<td>७९</td>
<td></td>
<td></td>
<td>
बढी भुक्तानी
सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्न कार्यको दर विश्लेषण गर्दा नर्म्स फरक परेको देखिएकोले उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखिएको रु
<table>
<tr><th>भौ नं</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>परिमाण</th><th>भुक्तानी दर</th><th>भुक्तानी हुने दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४५० पालिका पुंजीगत</td><td>उर्लाबारी व्याडमिन्टन कभर्डहल निर्माण उ स</td><td>पि सि सि १:१।५:३ मेसिन प्रयोगको लागत अनुमान तयार गर्दा भाइब्रेटर रोलरको दर प्रयोग</td><td>१९.६७</td><td>१३६४५.८२</td><td>१३१३८.७३</td><td>९९७५</td></tr>
</table>
</td>
<td>९,९७५</td>
</tr>
<tr>
<td>८०</td>
<td></td>
<td></td>
<td>
फरक नर्म्स प्रयोग
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सडकसम्बन्धि कार्यका लागि DOR को नर्म्स प्रयोग नगरी DUDBC को नर्म्स प्रयोग गरेकोले बढी व्यय भार परेको देखिएको रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>परिमाण</th><th>भुक्तानी हुने</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२१७पालिका पुंजीगत</td><td>सुन्दरमार्गमा ड्रेन निर्माण उ स, पिसिसि १:३:६</td><td>२४.५१</td><td>७१२९.५९</td><td>८५३५.३</td><td>३४४५४.</td></tr>
<tr><td>३४९पालिका पुंजीगत</td><td>दुर्गापुरी पश्चिम ड्रेन निर्माण उ स वडा नं ८, पिसिसि १:३:६</td><td>१४.१८</td><td>७१२९.५९</td><td>८५३५.३</td><td>१९९३३.</td></tr>
<tr><td>१७६पालिका पुंजीगत</td><td>लाङ्गाली चौकदेखि सखुवागाछी ड्रेन निर्माण, पिसिसि १:३:६</td><td>२९.२४</td><td>७१२९.५९</td><td>८५३५.३</td><td>४११०३.</td></tr>
<tr><td>२७७पालिका पुंजीगत</td><td>कुडोस मार्ग ड्रेन निर्माण उ स, पिसिसि १:३:६</td><td>२०.६</td><td>७१२९.५९</td><td>८५३५.३</td><td>२८९५७.</td></tr>
</table>
</td>
<td>३५६,४३६</td>
</tr>
</table>

२२०पालिका पुँजीगत	नरमान लिटल एन्जल्स मार्ग साइडवाल निर्माण, पिसिसि १:३:६	२०.२	७१२९.५९	८५३५.३	२८३९५.
२०८पालिका पुँजीगत	खाइवाचोक पूर्व दक्षिण प्रगति साइडवाल निर्माण उ स, पिसिसि १:३:६	२१.४	७१२९.५९	८१२९.६	२१४००.
२४१ पालिका पुँजीगत	धुपिङ्गे टोल साइडबाल निर्माण वडा नं १ (निरन्तर)	२१.४२	७१२९.५९	८५३५.३	३०११०.
२१२ पालिका पुँजीगत	रंगेली रोड साइडवाल निर्माण उ स, पिसिसि १:३:६	१७.२३	७१२९.५९	८५३५.३	२४२२०.
४५०पालिका पुँजीगत	कभर्डहल कम्पाउण्ड वाल निर्माण कार्य उ स, पिसिसि १:१.५:३	१९.६७	१०७३७.२५	१३६४५.८२	५७२१२.
३११ पालिका पुँजीगत	जिमी चौक देखि ४ नं को सिमासम्म ड्रेन निर्माण उ स, पिसिसि १:३:६	३०.०६	७१२९.५९	८५३५.३	४२२५६.
४४८ पालिका पुँजीगत	झारसादी जानेबाटो ड्रेन तथा ग्राभेल निर्माण उ स, पिसिसि १:३:६	२०.२	७१२९.५९	८५३५.३	२८३९५.
	जम्मा				३५६४३६.

८१			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिद गर्दा तोकिएनुसार लागत अनुमान तयार गरी गर्नुपर्ने	२,५४४,०६५

व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा सोझै खरिद गर्न सकिने रकम सिमा र १(ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । यस सम्बन्धमा नमुना परीक्षण गर्दा पालिकाले तपसिलको खरिद कार्य ऐनमा तोकिएनुसार लागत अनुमान तयार नगरेको, स्पेशिफिकेशन तयार नगरेको र एउटै फर्मबाट पटक पटक गरी सिमा भन्दा बढीको सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको रु.

गो. भौ.न.	आपूर्तक	खरिद सामग्री	रकम	कैफियत
१४	विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	मकै छोडाउने मेसिन	४८६०००	एक आपूर्तकबाट सिमा भन्दा बढी
९४२	विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	मकै छोडाउने मेसिन	९००००	
११३६	विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	कमर्सियल पम्प	१२६०००	
११४१	विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	च्यापकटर	४१२८००	
११४३	विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	ग्रास कटर	१३४५००	
१०५	गड्सन भेट्स फर्मा	ए. आई. नाईट्रोजन खरिद	४६७६५	एक आपूर्तकबाट सिमा भन्दा बढी
१६०	गड्सन भेट्स फर्मा	पशुजन्य औषधी खरिद	२०००३५	
४१९	गड्सन भेट्स फर्मा	पशुजन्य औषधी खरिद	२९९९६५	
११३८	गड्सन भेट्स फर्मा	काउम्याट खरिद	७४८०००	
	जम्मा		२५४४०६५	

८२

डिपिआर खर्च

सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण तथा सेवा खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(४क) मा व्यवस्था भए अनुसार परामर्श सेवा खरिदमा सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बिमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले डिपिआरहरु निर्माण र खरिद गर्दा स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको, पेशागत दायित्व विमा गराएको, पालिकाको आन्तरिक जनशक्तिबाट हुनसक्ने काममा उपलब्ध जनशक्ति परिचालन

गरेको देखिएन । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।उपलब्ध जनशक्तिबाट सम्पन्न हुन सक्ने कार्य पालिका भित्रैबाट गराउने, स्वीकृत नर्म्सको प्रयोग गर्ने, पेशागत दायित्व विमा गराउने तथा अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।(रु. हजारमा)

क स	विवरण	रकम
१	उर्लाबारी बहुमुखी क्याम्पस लाईब्रेरी हल निर्माण तथा उर्लाबारी नगरपालिकाको कार्यालयको कर्मचारी आवास निर्माण	११२१५२५
२	एकीकृत भुउपयोग योजना निर्माण	१३९३७४२
३	उर्लाबारी बहुमुखी क्याम्पसको गुरुयोजना	६७६८७०
४	चिल्ड्रेन पार्क निर्माण उर्लाबारी कन्छिचोक	४९०४२०
५	विकासे पैनी र धरधरे नियन्त्रण उर्लाबारी १	६९२६९०
६	बाहुनी खोलामा पुल निर्माण	९३३३८०
७	बक्राहा खोलामा डिपिआर	१४५३७४५
८	बाहुनीखोलामा पुल निर्माण	९३३३८०
	जम्मा	७६९५७५२

८३

ट्याक कोट

भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धि नर्म्स Standard specification for Roads and Bridge 2075 अनुसार कालोपत्रे सम्बन्धि काम गराउदा Bitumious Layer मा ट्याक कोट परिमाण प्रति औषत वर्ग मि. ०.५ लिटर का दरले खपत हुनेगरी स्वीकृत भएको तथा कार्यालयले उक्त आइटमको नर्म्स अनुसार काम हुदै गर्दा दैनिक २ पटक गरेको Tray Test रिपोर्ट बेगर प्रति वर्ग मिटर ०.७ लि का दरले भुक्तानी गरेको देखिएकोले देहाय अनुसार बढी भुक्तानी असुल गर्नुपर्ने रु ३०१,०८१

योजना	निर्माण व्यवसायी	क्षेत्रफल sq.m	भुक्तानी परिमाण Lit	दर With VAT	बढी भुक्तानी

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>जनमार्ग क ख र मिलिजुलीमार्ग वडा नं ६ कालोपत्रे NCB/3/078.79</td><td>ताबिज निर्माण सेवा</td><td>२७६३.४९</td><td>०.७</td><td>१५८.२</td><td>८७४३७</td></tr>
<tr><td>सप्तकोशी मार्ग कालोपत्रे स्कूल डाडाँ देखि आइतबारे रोड NCB/1/078.79</td><td>मिक्लु कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>२४४४.९६</td><td>०.७</td><td>२०३.४</td><td>९९४६१</td></tr>
<tr><td>रामनगर दुर्गा मा वि जाने बाटो कालोपत्रे</td><td>भिमेश्वर कन्स्ट्रक्सन</td><td>१७२०.७</td><td>०.७</td><td>१६९.५</td><td>५८३३२</td></tr>
<tr><td>केर्खाली चोकबाट वडा कार्यालय जाने सडक कालोपत्रे</td><td>भिमेश्वर कन्सट्रक्सन</td><td>१६४७.५</td><td>०.७</td><td>१६९.५</td><td>५५८५१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३०१०८१</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८४</td>
<td></td>
<td></td>
<td>
अनुगमन प्रतिवेदन
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नगरपालिकाले सम्बन्धित विद्यालयलाई प्रदान गरेको अनुदान रकम तोकिएको शीर्षकमा खर्च भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले देहायका विद्यालयहरुलाई आईसिटी स्थापना सञ्चालन तथा कार्य सम्पादनमा आधारित अनुदान निकासा दिएकोमा सम्झौता अनुसारका क्रियाकलाप सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नु रु
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>अनुदान रकम रु</th></tr>
<tr><td>१</td><td>राधिका माध्यमिक विद्यालय उ न पा ६</td><td>कार्यसम्पादनमा आधारित</td><td>३००००००।००</td></tr>
<tr><td>२</td><td>सृजना आधारभुत विद्यालय उ न पा ४</td><td>आइसिटी</td><td>६५००००।००</td></tr>
<tr><td>३</td><td>नुनसरी आधारभुत विद्यालय उ न पा १</td><td>आइसिटी</td><td>६५००००।००</td></tr>
<tr><td>४</td><td>सरस्वती माध्यमिक विद्यालय उ न पा ३</td><td>आइसिटी</td><td>६५००००।००</td></tr>
</table>
</td>
<td>५,६००,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५</td><td>दुर्गा माध्यमिक विद्यालय उ न पा ३</td><td>आइसिटी</td><td>६५०००००।००</td></tr><tr><td></td><td>जम्मा रु</td><td></td><td>५६००००००।००</td></tr></table></td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>शिक्षक विद्यार्थि अनुपात
शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २. ७. १३. २२ मा शिक्षक दरवन्दी मिलान अन्तर्गत इकाइले स्थानीय तहसँग समन्वय गरी दरवन्दी मिलान गर्न बाँकि रहेका तहलाई अभिलम्ब मिलान कार्यसम्पन्न गर्न सहजिकरण गर्ने व्यवस्था छ । नगरपालिका भित्र सञ्चालित माध्यमिक र आधारभुत तहका विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नु पर्दछ । विद्यार्थि संख्या ज्यादै न्यून भएका विद्यालय नजिकको अर्को विद्यालयमा गाभ्ने र विद्यार्थि संख्याका आधारमा शिक्षक विद्यार्थि अनुपात मिल्ने गरी दरवन्दी मिलान गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>स्यानिटरी प्याड
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप २.७.१३.२३ स्थानिय तहले समुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्ययनरत सबै छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थि अनुदान दिने भनि उल्लेख गरेको छ । साथै स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ९ मा प्रयोग भएका महिनावारी व्यवस्थापन सामाग्रीहरुलाई वातावरण प्रतिकुल असर नपर्ने गरी विद्यालयको हाताभित्र खाल्डो खनि पुर्नु पर्ने भनि उल्लेख गरेकोछ । तर कार्यालयले स्यानिटरी प्याड वितरणका लागि जस्मिन हाइजिन प्रोडक्टस प्रालिबाट Coin Based sanitary vending Machine १० थान रु ३६८०००।०० रकमको खरिद गरेको पाइएकोले यस शिर्षकबाट मेशिन खरिद गर्न मिल्ने आधार नभएको भनि गत वर्ष समेत औल्याएकोमा यस वर्ष पनि खरिद गरेको देखिन्छ । कार्यक्रममा भएको व्यवस्था विपरीत गरेको खर्च नियमसंगत नदेखिएको रु</td><td>३६८,०००</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>थप पाठ्यपुस्तक

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ४७६६८६.०५।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>८८</td><td></td><td></td><td>अवकाश पछिको तलव भुक्तानी</td><td>०</td></tr>
</table>

			……….. *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ४०००००।- सम्परीक्षण गरिएको ।)* मिति **२०७९-१२-१५** मा **गोपाल प्रसाद ढकाल** को **592486.80** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको	
८९			**बढी निकासा** ……….. *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ४५९१४.९९।- सम्परीक्षण गरिएको ।)*	०
९०			**पकेट विकास** शसर्त अनुदान अन्तर्गतप्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा निर्देशिकामा तोकिएको प्रतिशत लागत साझेदारीमा सञ्चालन गरेको छ । कार्यालयले सार्वजनिक सूचना आह्वान गरी इच्छुक कृषक समूह तथा लक्षित लाभग्राही छनौट भए नभएको सम्बन्धमा कार्यालयले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । यसरी नगरपालिका शसर्त अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट अनुदान प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्याविधक गरी एउटै समूह संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ ।	
९१			**लघु उद्यम विकास** गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले यस कार्यक्रम अन्तर्गत गो भौ नं १९७।०७९।३।१४ बाट रु २११७७१।०० र २४६।०७९।३।२४ बाट रु ३९४९३५।०० को लघु उद्यम सिप विकास अन्तर्गत आधारभुत तथा स्तरोन्नति सिलाइ कटाई तालिम सञ्चालन गरिएको छ । तालिमका क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए	

			बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्नेमा सो गरेको देखिएन । साथै लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आधारभुत र स्तरोन्नति तालिम तथा प्रविधि हस्तान्तरण सुविधा लिइरहेका उद्यमीहरुले स्वरोजगार श्रृजना गरी सिपलाइ उपयोग गरे नगरेका सम्बन्धमा कार्यालयबाट अनुगमन र समिक्षा गरेको देखिएन ।	
९२			**नगद राहत वितरण** कोभिड १९को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ को बुदा नम्बर ३ नगद प्राप्त गर्ने लाभग्रहिको अवस्था सम्बन्धि व्यवस्था गरेको छ । नगरपालिकाले अति विपन्न परिवारलाई नगद राहत वितरण गर्ने कार्यविधिको बुदा नम्वर ३ अन्तर्गत नगद प्राप्त गर्ने लाभग्राहि छनौट गर्न वडा कार्यालयहरुबाट तथ्याङ्क संकलन गरि मुचुल्काका आधारमा सिफारिस गरि कार्यपालिकाको २०७८ माघ २७ गतेको ६४ औं बैठकको निर्णय अनुसार लाभग्राहीको अन्तिम सूचि स्वीकृत गरेपछि ती नामावलीमा कुनै दाविविरोध भए पेश गर्न सार्वजनिक सूचना जारी गरेकोमा कुनै दावि बिरोध नपरेकोभनि विभिन्न गोश्वरा भौचरबाट प्रति व्यक्ति रु १००००।०० का दरले २७६ जनालाई जम्मा रु २७६००००।०० लाभग्राहिरुको बैक खातामा राहत रकम भुक्तानी गरेको छ ।	
९३			**सुरक्षित नागरिक आवास** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५ उपदफा ७ र ८ अनुसार सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ता बापत सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि साठी प्रतिशत रकम उपलब्ध गराइने र दफा ८ मा निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने उल्लेख छ । यस पालिका अन्तर्गत आर्थिक बर्ष ०७७।७८ देखि यो कार्यक्रम सुरुवात भएकोमा २०७९ आषाढ मसान्तसम्म यस कार्यक्रमकोलागि स्वीकृत कोटा २३० रहेकोमा ११८ लाभग्राहीसँग ५९ लाखको अनुदान सम्झौता गरेको पाईयो भने ११२ घरधरीसंग हालसम्म संझौता गरेको देखिएन । यसरी संझौता गरेका ११८ ले पहिलो किस्ता वापत रु ३५लाख ४० हजार भुक्तानी लिएको देखियो सो मध्ये ९७ जनाले मात्र कार्य सम्पन्न गरि दोश्रो किस्ता भुक्तानी लिएको देखियो र बाँकी २१ जनाले लेखापरीक्षण अवधिसम्म निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको देखिएन । कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने समेत व्यवस्था भएकोले कार्य सम्पन्न भए नभएकोमा आवस्यक अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु	६३०,०००
९४			**महिला विकास समिति** महिला वालवालिका तथा जेष्ठ नागरिको कल्याणकारी व्यवस्थापनको लागि सन्चलनको लागि सन्चालित कार्यक्रममा पालिकाको अभिलेख अनुसार विभिन्न ९० महिला विकास समितिहरुमा टेवा पूँजी अनुदान स्वरुप वितरण भएको देखियो । आ.ब.०७४/०७५ भन्दा अगाडीको ४ र	

			सो पश्चातका ८६ समेत गरि ९० समुहमा ०७९ आषाढ मसान्तसम्म १७ लाख १८ हजार वितरण भएको छ। ती समितिको वचत १ करोड ५५ लाख ६६ हजार रहेको विवरण पालिकाले तयार गरेको छ । यो बर्ष ७२ महिला समुहले चौमासिक भेला गराई आफ्नो वार्षिक विवरण पालिकामा पेश गरेकामा २८ समितिले वार्षिक विवरण पेश गरेको देखिएन । समुहगत बचत बढदै गएको तथा सबै विषयगत क्षेत्रका समितिको अनुदानको सदुपयोग सम्बन्धमा पालिकाको अनुगमन प्रतिवेदन तयार नभएकाले टेवा पुँजी तथा सबै क्षेत्रका समितिको वचतलाइ सुरक्षित र टेवा पुँजीलाइ प्रभावकारी बनाउन पालिकाले बार्षिक विवरण लिइ अनुगमन गरि टेवापुँजी तथा बचतको सुरक्षाको सुनिश्चितता गर्नुपर्छ ।	
९५			**मूल्य अभिबृद्धि कर** नगरपालिकाबाट ९ वटै वडाहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्न सिलवन्दी दरभाउपत्रको माध्यमबाट घटि कवोल गर्ने विराट मल्टिटेक्निकल एण्ड रिसर्च प्रालि संग रु ११८५३९८।०० मूल्य अभिबृद्धि कर समेतमा खरिद सम्झौता गरि कार्य सम्पन्न गरेको छ । उक्त शिविर सञ्चालनबाट १४५ मात्र घटना दर्ता भएको प्रतिवेदन पेश गरिएको छ । उक्त कार्य गर्न आवश्यक जनशक्ति उपकरण लगायतको बिस्तृत लागत अनुमान तयार गर्नु पर्नेमा सो नगरेकोले कार्य सम्पन्न गर्न कति लागत आवश्कयक पर्ने हो एकिन गर्न सकिएन । साथै मूल्य अभिबृद्धि कर नियमावली ,२०५३ बमोजिम करमा दर्ता भएका बिक्रेताले सिलसिलेवार नम्बर सहित प्रिन्टेड कर विजक जारी गर्नुपर्ने व्यवस्था भएकोमा बिराट मल्टिटेक्निकल एण्ड रिसर्च प्रालिबाट पेश भएको विलमा विजक नम्वर हातले लेखेको बिलबाट रु १३६३७३।०० मूल्य अभिबृद्धि कर वापत भुक्तानी भएकोले कर समायोजन प्रमाण पेश गर्नु पर्ने रु	१३६,३७३
९६			**सोझै खरिद** सार्वजनिक खरिद ऐन २०६४ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा पाच लाख सम्मको सोझै खरिद गर्न सक्ने व्यवस्था भएपनि रु पाँच लाख भन्दा माथि रु २० लाख सम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथिको बोलपत्रको माध्यमबाट खरिद कार्य गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले स्वास्थ्य चौकि तथा अस्पतालका लागि संघिय शसर्त र चालु सामान्यिकरणबाट आवश्यक औषधि पटक पटक बिभिन्न सप्लायर्सबाट रु ५७५४८१२।०० को खरिद गरेको छ । बार्षिक रुपमा स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने औषधिको खरिद योजना तयार गरी ऐन नियमले व्यवस्था गरे बमोजिम प्रतिस्पर्धा बिधिबाट खरिद कार्य हुनु पर्दछ । गो भौ नं | सप्लायर्स वा फार्मसी | खरिद रकम ३८।०७८।९।१४ | शुभ किरण मेडिको दमक | ४८७९५०।००	

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३।०७८।१०।६</td><td>राम लक्ष्मण फार्मेसी</td><td>४९९८७०।००</td></tr>
<tr><td>५४।०७८।१०।६</td><td>माउण्ट अन्नपूर्ण फार्मेसी</td><td>४९७३८३।००</td></tr>
<tr><td>१३३।०७९।१।८</td><td>राम लक्ष्मण फार्मेसी</td><td>४९९६५०।००</td></tr>
<tr><td>२०३।०७९।३।१६</td><td>निरिजमा मेडिको सप्लायर्स</td><td>७६२५००।००</td></tr>
<tr><td>१६।०७८।६।१८</td><td>निरिजमा मेडिको सप्लायर्स</td><td>४९७३००।००</td></tr>
<tr><td>१०५।०७९।३।१६</td><td>चिराग फार्मेसी प्रा.लि</td><td>६२५५४५।००</td></tr>
<tr><td>१२३।०७९।३।२५</td><td>मेडिसर्ज ट्रेडर्स</td><td>९९७५६६।००</td></tr>
<tr><td>१३।०७८।६।६</td><td>यशोदा फर्मा ट्रेडर्स</td><td>४९२०००।००</td></tr>
<tr><td>१७।०७८।६।१८</td><td>अतिथी फर्मा एण्ड ट्रेड प्रा.लि</td><td>३९५०४८।००</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td>५७५४८१२।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९७</td><td></td><td></td><td>औषधि दाखिला
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसमान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि पटक पटक गरी सोझै रु ५७५४८१२।०० को औषधि खरिद गरेको छ। यसरी खरिद गरिएको औषधि कार्यालयबाट तोकीएको स्पेसिफिकेशन र गुणस्तर अनुसारकै भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञ टोलीबाट निरीक्षण गराइ प्रतिवेदन समावेश गर्नु पर्नेमा गरेको देखिएन । साथै खरिद गरिएका औषधिमा निशुल्क वितरणको लागि उल्लेख भएको लोगो राख्नु पर्ने र पालिका वा अन्य निकायबाट प्राप्त भएको औषधिको आम्दानी खर्चको अभिलेख व्यवस्थित राख्ने तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>प्रधानमन्त्रि रोजगार कार्यक्रम
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार बेरोजगारहरुको सूचीकरण गरी सुचिकृतलाई प्रथामिकताका आधारमा कार्य उपलब्ध गराइ औसतमा १०० दिनको रोजगारी श्रृजना गर्ने</td><td></td></tr>
</table>

			व्यवस्था गरेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाका बिभिन्न वडाहरुका ११ वटा सार्वजनिक निर्माण सम्बन्धि कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरी ज्याला वापत यस वर्ष रु ११४३२३८।७२ भुक्तानी गरेको छ । यसबाट ९८ जनाले औसत २० दिनको रोजगारी प्राप्त गरेको देखिन्छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएता पनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन । निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरी सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण, उपभोक्ता समितिबाट खर्च अनुमोदन गर्न लगाउने तथा दीर्घकालिन रोजगारी श्रृजना हुने कार्यमा बजेट खर्च गर्नु पर्ने देखिन्छ।	
९९			**सामाजिक सुरक्षा कार्यक्रम तर्फ** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५,सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति- २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. २२७२५९६२१/-निकासा भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । कार्यालयले भत्ता वितरण कार्य बैंक मार्फत गर्ने गरेको र आन्तरिक लेखापरीक्षणबाट निकासा बरावर खर्च प्रमाणित गरी लेखापरीक्षणको क्रममा २०७९ असार मसान्त सम्मको बैंकबाट प्राप्त रिभर्स फिड माग गरी परीक्षण गर्दा देखिएको थप व्यहोराहरु निम्नानुसार छन्	
९९.१			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ। नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाणपत्र नम्वर नभएको, ना.प्र.नं. दोहोरिएको, ना.प्र.नं. जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएको ले मृत्यु भैसकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन। एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नाम थर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भैसकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिका ले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ।	
९९.२			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा बैंक तथा वित्तिय संस्थाले सामाजिक सुरक्षा खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । पालिकाले खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरेको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथा सिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।	
९९.३			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा पालिकाबाट प्राप्त रकम बैंकले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची-८ बमोजिम रिभर्स फिड त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ । साथै वितरण नभई रकम बाँकी	८३९,६८३

भए सो समेतको विवरण बैंकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । पालिकालाई बैंकहरुबाट रिभर्स फिडको विवरण प्राप्त भएतापनी वितरण नभई बाँकी रहेको रकम सबै कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा फिर्ता भए गरेको देखिएन। पालिकाले आ.व. २०७७।७८ को अनुमानित बजेट प्रतिवेदन बाट ९ वटा वडाहरुमा भत्ता वितरण गर्न देहायअनुसार बैंकहरुमा रु. २२७२५९६२१/- पठाएको व्यहोरा श्रेस्ताबाट देखिन आएको छ । लेखापरीक्षणमा प्राप्त रिभर्स फिड को परीक्षण गर्दा बैंकहरुले चारवटा त्रैमासिकमा गरी रु. २२४३४७६६४/- लाभग्राहीको खातामा जम्मा गरेको र फिर्ता गर्न बाँकी रकम रु. २९११९५७/- रहेको पाइयो । पालिकाले फिर्ता गर्नुपर्ने रकम मध्ये रु. २२०२९४७/- आर्थिक वर्ष २०७९।८० को असोज महिनामा बेरुजु खातामा दाखिला गरेकोमा बाँकी रकम रु. ८३९६८३/- लेखापरीक्षण अवधी सम्म फिर्ता गरेको पाइएन । पालिकाले वितरण नभएको रकम सम्बन्धमा हिसाब फरफारक गरी बाँकी मौज्दात संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

वडा नं.	निकासा रकम	वितरण रकम	बाँकी रकम	फिर्ता रकम	फरक रकम	कैफियत
१	२८६८४६५०	२८६२४१९८	६०४५२	३८०३७	२२४१५	
२	३१३४१११९	३११२१३००	२१९८१९	३७५४५७	-१२२५१	मृत्यू भएका लाभग्राहीको बढी निकासा फिर्ता
३	२२७४१३१३	२२५९७९२६	१४३३८७			
४	२९७२५९०२	२९३५७६३०	३६८२७२	१८४१११	१८४१६१	
५	१२८३७२०६	११४२८३१२	१४०८८९४	८०४७७१	६०४१२३	
६	१५६८४९३२	१५२२७६७१	४५७२६१	४९३०४८	-३५७८७	मृत्यू भएका लाभग्राहीको बढी निकासा फिर्ता
७	२७६२५८३१	२७४७१३१७	१५४५१४	१२५५३०	२८९८४	
८	२७७८०७८७	२७७६०८३७	१९९५०	१९९५०	०	
९	३०८३७८८१	३०७५८४७३	७९४०८	१६२०४३	-८२६३५	मृत्यू भएका लाभग्राहीको बढी निकासा फिर्ता
जम्मा	२२७२५९६२१	२२४३४७६६४	२९११९५७	२२०२९४७	८३९६८३	

१०० अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू

			फछ्र्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयबाट गत विगत वर्षको बेरुजू सम्परीक्षण गरी फस्यौट गरेको जानकारी प्राप्त भएन।	